घरेलु श्रमिक बालबालिकाहरूका लागि

# सहयोगी शिक्षा कक्षा

## सञ्चालन निर्देशिका

2070

| | | |
|---|---|---|
| **विषय** | : | सहयोगी शिक्षा कक्षा सञ्चालन निर्देशिका |
| **लेखन तथा सम्पादन** | : | कमल चापागाईँ र मीलन धरेल |
| **सल्लाह/सुझाव** | : | ध्रुव लामिछाने |
| **प्रकाशक** | : | समाजसेवा तथा मानवअधिकारमा महिला तथा बालबालिका (सिविस)<br>फोन नं. : ४७८४५४५, ४७८०४४६ फ्याक्स : ४७८१३८६<br>इमेल : info@cwish.org.np<br>वेव : www.cwish.org.np |
| **सर्वाधिकार** | : | प्रकाशकमा |
| **फन्ट** | : | श्रीनाथ बोल्ड (Shreenath Bold) |

# विषय सूचि


विषय पृष्ठ नं.

खण्ड १ : परिचय, प्रक्रिया र आधारभूत मान्यता

बालचौतारी कक्षा

परिचय : ६

उद्देश्य र सिमितताहरू : ६

कार्यक्षेत्र तथा सञ्चालन प्रक्रिया : ७

सञ्चालन हुने समय : ८

कक्षा सञ्चालनको आधारभूत मान्यताहरू : १०

विद्यालयमा आधारित सहयोगी शिक्षा कक्षा

उद्देश्य, सञ्चालन प्रक्रिया र सिमितताहरू : १४

कार्यक्षेत्र तथा सञ्चालन प्रक्रिया : १४

सहभागीहरू : १५

सञ्चालन हुने समय : १५

सञ्चालनका आधारभूत मान्यताहरू : १५

बालचौतारी कक्षा र सहयोगी शिक्षा कक्षामा आउन सक्ने द्वन्द्व र जोखिम न्यूनिकरण : १९

खण्ड : २ : सत्र योजना तथा निर्देशिका

सत्र १ : परिचय, स्वागत र आचारसंहिता निर्माण : २२

सत्र २ : म को हुँ ? : २६

सत्र ३ : मेरो गाउँघर : ३१

सत्र ४ : मेरो परिवार मेरो समाज : ३४

सत्र ५ : मेरो जीवनयात्रा : ३७

सत्र ६ : मैले के पाएँ ? के पाइन ? : ४०

सत्र ८ : भविष्यका लागि लक्ष्य निर्धारण : ४६

सत्र ९ : अवसर र अवरोध : ४९

सत्र १० : परिवार र समाजको महत्व : ५१

सत्र ११ : विकल्पहरू : ५३

सत्र १२ : योजना निर्माण : ५६

# खण्ड १ : परिचय, प्रक्रिया र आधारभूत मान्यता

## परिचय

शिक्षा स्वास्थ्य, खेल, मनोरञ्जन, सुरक्षा, माया, ममता, पारिवारिक स्नेह स्याहार र सहभागिता बालबालिकाको न्यूनतम मानवअधिकार हो । देशका धेरै बालबालिकाहरूले अझै पनि यी सबै अधिकारहरू पूर्ण रूपमा उपभोग गर्न पाइरहेका छैनन् । घरेलु श्रममा संलग्न बालबालिकाहरूले पनि आफ्ना अधिकारहरू गुमाउन बाध्य भएका छन् ।

आफ्नो घर परिवार बाहेक अरू कसैको घर परिवारमा ज्याला लिएर वा नलिइकन अन्य कुनै अवसरका लागि घरेलु कामकाजमा संलग्न भएका बालबालिकाहरूलाई घरेलु बालश्रमिक भन्ने गरिन्छ । घरेलु बालश्रमिकहरूमा केही बालबालिकाहरू आफ्ना बाबुआमासँगै बसेर अरूको घरमा काम गरिरहेका छन् भने धेरै बालबालिकाहरू आफ्नो घर परिवार र समाज भन्दा पर रहेर रोजगारदाताकै घरमा बसेर आवासीय घरेलु बालश्रमिकको रूपमा काम गरिरहेका छन् ।

सन् २००२ मा आइ.एल.ओले गरेको सर्वेक्षण प्रतिवेदन अनुसार नेपालका शहरी क्षेत्रहरूमा ५६ हजार बालश्रमिकहरू शहरी क्षेत्रमा रहेका छन् । काठमाडौँ उपत्यकामा मात्र २१ हजार भन्दा बढि बालबालिकाहरू घरेलु बालश्रममा संलग्न रहेको पाइन्छ । पछिल्ला दिनहरूमा घरेलु बालश्रमिकहरूको शिक्षाको अवसर र तलब प्राप्त गर्ने सवालमा सुधार आएको देखिए पनि आफ्नो परिवारभन्दा टाढा रहेर सानै उमेरमा संलग्न हुँदा घरेलु बालश्रमिक बालबालिकाहरू विभिन्न किसिमको दुर्व्यवहार हिंसा र शोषणको जोखिममा रहेका छन् । यसका साथै आफ्नो परिवार समुदायबाट टाढा बस्दा घरेलु श्रमिक बालबालिकाहरूको पारिवारिक स्नेह, स्याहार, आफ्नो मौलिक, साँस्कृति, भाषिक र सामाजिक संस्कारहरूको सिकाई तथा व्यक्तिगत नाम र पहिचानहरूको अधिकारबाट समेत बञ्चित हुने अवस्था सृजना हुन्छ ।

यस्तो अवस्थामा परिवारबाट छुट्टिएर घरेलु श्रममा संलगन रहेका बालबालिकाहरूलाई परिवारमा पुनर्स्थापना गरी परिवारसँग बस्ने र आफ्नो बाल्यावस्था गुजारा गर्ने वातावरणको सृजना गर्नु महत्वपूर्ण आवश्यकता हो । यसरी पारिवारिक पुनर्एकीकरण तथा पुनर्स्थापनाको प्रक्रियामा घरेलु श्रममा संलग्न रहेका बालबालिकाहरू स्वयम्ले आफ्नो अवस्थाको विश्लेषण गरी पारिवारिक पुनर्एकीकरण र पुनर्स्थापनाका लागि उपयुक्त उपायहरूको पहिचान गर्ने र वैकल्पिक व्यवस्थाहरूको खोजी गर्नु अत्यन्तै प्रभावकारी प्रक्रिया हुन्छ ।

सिविसले यसै आवश्यकतालाई महशुस गरी परिवारबाट छुट्टिएर घरेलु श्रममा संलग्न रहेका (विद्यालय शिक्षा लिइरहेका वा विद्यालय शिक्षा नपाएका) बालबालिकाहरूको लागि बालमैत्री सहभागितात्मक क्रियाकलापहरूबाट पारिवारिक पुनर्एकीकरण र पुनर्स्थापनाको प्रोत्साहन, सम्भावनाहरूको खोजी तथा प्रयास गर्न सहज बनाउन सहजकर्ता र सामुदायिक परिचालकहरूको लागि यो निर्देशिका तयार पारिएको छ ।

# बालचौतारी कक्षा

## बालचौतारी कक्षाको परिचय

बाल चौतारी कक्षा घरेलु श्रममा संलग्न रहेका बालबालिकाहरूको लागि सञ्चालन गरिएको कक्षा हो । यो कक्षामा सहभागितात्मक बालमैत्री विधिहरूको प्रयोगद्धारा बालबालिकाहरूको शैक्षिक क्षमता तथा पारिवारिक पुनर्एकीकरणको सम्भावनाहरूको प्रवर्द्धन गरिन्छ । यस कक्षाका सहभागीहरू परिवारबाट छुट्टिएर घरेलु श्रममा संलग्न रहेका १६ वर्ष वा सो भन्दा कम उमेरका बालबालिकाहरू हुन्छन् । कक्षाका सहभागी घरेलु बालश्रमिकहरूलाई तीन प्रमुख समूहमा विभाजन गरेर हेर्न सकिन्छ :

क) विद्यालय जाने अवसर नपाएका घरेलु श्रमिक बालबालिकाहरू
ख) विद्यालय जाने अवसर पाएका र आंशिक रूपमा बालचौतारी कक्षामा सहभागी हुने घरेलु श्रमिक बालबालिका

बालचौतारी कक्षामा माथि उल्लेखित दुई ओटै समूहका बालबालिकाहरूको जम्मा संख्या कम्तीमा ४० जना पुगेको हुनुपर्दछ । माथिका दुई ओटा मध्ये पनि विद्यालय जाने अवसर नपाएका घरेलु बालश्रमिक बालबालिकाहरूको न्यूनतम एउटा कक्षा अनिवार्य सञ्चालन भएको हुनै पर्दछ र यस्तो कक्षामा बालबालिकाको संख्या २० पुगेको हुनु पर्दछ ।

विद्यालय गएका र नियमित रूपमा सहभागी हुने घरेलु श्रमिक बालबालिकाहरूको लागि अर्को कक्षा सञ्चालन हुनेछ । यस कक्षामा पनि बालबालिकाहरूको संख्या २० देखि २५ हुनुपर्दछ ।

बालचौतारी कक्षाको प्रत्येक सत्र अधिकतम ४ महिना अवधिको रहनेछ ।

## बालचौतारी कक्षाको उद्देश्य, सञ्चालन प्रक्रिया र सिमितताहरू

उद्देश्य

बालचौतारी कक्षाले सहभागी बालबालिकाहरूमाझ पारिवारीक पुनर्एकीकरणको प्रोत्साहन र सम्भावनाहरूको प्रवर्द्धन गर्ने लक्ष्य लिएको छ । यस कार्यक्रमका विशिष्ट उद्देश्यहरू निम्नलिखित छन् ।

१) घरेलु श्रममा संलग्न रहेका बालबालिकाहरूलाई पारिवारिक पुनर्एकिरणको विकल्प रोज्नका लागि प्रोत्साहन गर्नु ।
२) सहभागी घरेलु श्रममा संलग्न रहेका बालबालिकाहरूको शैक्षिक तथा जीवनउपयोगी सीप र क्षमताको विकास गर्नु ।
३) सहभागी बालश्रमिकहरूका रोजगारदाताहरूलाई बालश्रमको विकल्पको खोजी गर्न उत्प्रेरित गर्नु ।

माथिका विशिष्ट उद्देश्यहरू पूरा गर्नका लागि यस कार्यक्रमले निम्न लिखित उपलब्धीहरूको अपेक्षा गरेको छ :

१) सहभागी घरेलु बालश्रमिकहरू मध्ये न्यूनतम ६० प्रतिशतले पारिवारिक पुनर्एकिकरण र पुनर्स्थापनाको विकल्प रोज्नेछन् ।

२) सहभागी घरेलु बालश्रमिकहरूमध्ये न्यूनतम ८० प्रतिशतको शैक्षिक क्षमता र जीवनउपयोगी सीपमा सुधार हुनेछ ।

३) सहभागी घरेलु बालश्रमिकका रोजगारदाताहरूमध्ये न्यूनतम ४० प्रतिशतले बालश्रमको विकल्पको खोजी गर्नेछन् ।

## बालचौतारी कक्षाको कार्यक्षेत्र तथा सञ्चालन प्रक्रिया

- बालचौतारी कक्षा समुदायमा आधारित कक्षा हो । तसर्थः यसको कार्यक्षेत्र सञ्चालनको स्थानबाट १५ मिनेटको हिँडाईको दुरी भित्र रहेका समुदाय रहनेछ ।

- बालचौतारी कक्षा सञ्चालन हुने स्थानको पूर्वसम्भाव्यता अध्ययन गरिनु पर्दछ । यसका लागि सम्भावित क्षेत्रको विद्यालय, स्थानीय निकाय, सामुदायिक प्रहरी, बाल कलब, सामुदायिक संघ संगठन तथा अन्य सामाजिक नेतृत्वकर्ताहरूसँग व्यक्तिगत भेटघाट वा सामुहिक छलफल सञ्चालन गरी त्यस क्षेत्रमा बालचौतारी कक्षा सञ्चालन हुन सक्ने वा नसक्ने सम्भाव्यता निर्क्यौल गर्न सकिन्छ ।

  सम्भाव्यता अध्ययनको लागि सोध्नै पर्ने प्रश्नहरू

  - यस क्षेत्रमा घरेलु बालश्रमको प्रयोग कति व्यापक रहेको छ ?
  - घरेलु श्रमिक बालबालिकाहरूमध्ये विद्यालय जाने र नजानेहरूको अनुपात कस्तो रहेको छ ।
  - यस क्षेत्रमा रहेका घरेलु बालश्रमिकहरूमध्ये कुनै जिल्ला वा गाउँ विशेषबाट धेरै आएका छन् कि ?
  - बालअधिकार र घरेलु बालश्रमसँग सम्बन्धित नीति नियम र कानुनहरूको बारेमा समुदाय कति सचेत छ ?
  - घरेलु बालश्रमको सट्टामा वयष्क श्रमिकहरूको प्रयोग गर्नका लागि समुदाय कति सकारात्मक हुन सक्छ ?
  - घरेलु बालश्रमिकहरूको अधिकारका लागि कार्यक्रमहरू सञ्चालन गरिरहँदा विशेष समन्वय गर्नुपर्ने कुनै निकाय, संघसंस्था, व्यक्ति, समूह छ कि ?
  - बालचौतारी कक्षा सञ्चालन गर्नका लागि उपलब्ध अवसर र सम्भावित चुनौतीहरू के के होला ?

- सम्भाव्यता छलफलबाट कक्षा सञ्चालन गर्न सकिने निर्क्यौल भएमा स्थानीय निकाय तथा सामुदायिक समितिहरूसँग सहकार्यको लिखित सहमती गर्ने ।

- बाल चौतारी कक्षा सञ्चालन गर्नका लागि समुदायसँग बालअधिकार, बालश्रम, अवस्था तथा सम्भावित कार्ययोजनाहरूको बारेमा सामुदायिक अनुशिक्षण तथा अर्न्तक्रिया कार्यक्रम (Community Orientation Program –COP) सञ्चालन गर्ने ।

- COP को क्रममा बालचौतारी कक्षा सञ्चालन हुने स्थान र सहजकर्ताको छनौटको लागी आवश्यक योजना निर्माण गर्ने ।

- स्थानीय स्तरमा रहेका घरेलु बालबालिकाहरूको पहिचान गर्न र उनीहरूलाई बाल चौतारी कक्षा सम्म ल्याउनको लागि घरदैलो कार्यक्रम गर्न COP कै क्रममा योजना निर्माण गर्ने र योजना अनुसार घरदैलो कार्यक्रम गर्ने ।
- घरदैलो मार्फत बालचौतारी कक्षामा सहभागी हुने बालबालिकाहरूको सूचि तयार गर्ने ।
- सूचिमा भएका बालबालिकाहरूको समयको निर्क्योल गर्ने ।
- फरक फरक समयमा सहभागी हुने बालबालिकाहरूको लागि सोही अनुसारको समूह निर्माण गर्ने ।
- कक्षामा आएका सहभागीहरूको अवस्था विश्लेषण गर्न आधारभूत सर्वेक्षण फारम भर्ने तथा लेवल टेष्ट लिने ।
- कक्षामा सहभागी बालबालिकाहरूमध्ये पनि क्षमता अनुसार फरक समूह निर्माण गर्नु पर्ने भएमा सोही अनुसार समान उमेर वा समान क्षमताको समूह विभाजन गर्ने ।
- नियमित रूपमा तोकिएको समयमा पाठ्यक्रम र निर्देशिकाको कक्षा सञ्चालन गर्ने ।
- यस प्रक्रियामा कुनै पनि समस्या वा अलमल भएमा सम्बन्धित सामाजिक परिचालक वा जिल्ला परियोजना अधिकृत वा सिविस कार्यालयका कार्यक्रम व्यवस्थापक सम्पर्क गर्न सकिन्छ ।

## बाल चौतारी कक्षा सञ्चालन हुने समय :

- बाल चौतारी कक्षा सामान्यतया साप्ताहिक रूपमा ६ दिन (आइतबार देखि शुक्रबार) बिहान १० बजे देखि दिउसो ४ बजे सम्म सञ्चालन हुनेछ ।
- सहभागीहरूको अनुकुलताको आधारमा कमसेकम २ घण्टा बालचौतारी कक्षामा रहन सक्ने गरी कक्षा समय निर्धारण गर्ने । यसो गर्दा सकेसम्म लेवल टेष्टको आधारमा तयार भएको सहभागीहरूको समूहलाई एउटै समयमा सहभागी हुने कुराको सुनिश्चिता गर्ने ।
- यदि विद्यालय जाने अवसर पाएका घरेलु बालश्रमिकहरूको समूहले आंशिक रूपमा सहभागी हुनका लागि शनिबारको दिन उपयुक्त देखिएमा सहजकर्ताले सप्ताहको कुनै एक दिन लाई सट्टा विदाको रूपमा प्रयोग गरि शनिबार कक्षा सञ्चालन गर्न सक्नेछ । यसको लागि सम्बन्धित जिल्ला परियोजना अधिकृत बाट लिखित स्वीकृति लिएको हुनुपर्नेछ ।

## समूहगत रूपमा कक्षा सञ्चालन प्रक्रिया

क) **विद्यालय जाने अवसर नपाएका घरेलु श्रमिक बालबालिकाहरू** : विभिन्न कारणले काठमाडौं आई घरेलु श्रमिकको रूपमा काम गर्ने तर विद्यालय जाने अवसर नपाएका बालबालिकाहरूको लागि यो कक्षा सञ्चालन गरिएको हो । बालचौतारी कक्षामा यस्ता प्रकारका बालबालिकाको संख्या २० जना हुनुपर्दछ ।

यस प्रकारका बालबालिकाहरू बिहान १० बजे पछि ४ बजे सम्मको कुनै पनि समय समूहको अनुकुलता अनुसार बालचौतारी कक्षामा सहभागी हुन सक्छन् । यस्तो कक्षा दिनको दुई घण्टा

सञ्चालन हुनेछ । यस्तो कक्षामा बालबालिकाहरूको लागि ४ महिने साक्षरता कक्षा सञ्चालन गरिनेछ । यसै कक्षा सञ्चालनको क्रममा यस निर्देशिकामा उल्लेख भए अनुसारको विषयमा समेत छलफल गर्नुपर्दछ । यस कक्षामा सहभागी भएका बालबालिकाहरूलाई ४ महिना भित्रमा घर फर्किन वा विद्यालयमा मूलप्रवाहिकरण गर्न तयार गरिसक्नु पर्नेछ । यसरी घर फर्किन वा विद्यालयमा मुलप्रवाहिकरण गर्ने कामको प्रक्रियाको लागि निर्देशिका (सहजकर्तालाई सुझाव) अनुसार सम्पन्न भएको हुनुपर्दछ ।

ख) **विद्यालय गएका तर आंशिक रूपमा सहभागी हुने घरेलु श्रमिक बालबालिका** : यो घरेलु श्रमिकको रूपमा कार्यरत रहेता पनि विद्यालय जाने अवसर पाएका बालबालिकाहरूको कक्षा हो । यस्तो कक्षा बालबालिकाहरूसँगको छलफल तथा अन्तक्रिया अनुसार हप्ताको एकदिन दुई घण्टा सञ्चालन हुनेछ । यस्तो कक्षामा समुदायबाट संकलन गरिएका २० देखि २५ जना बालबालिकाहरूको नियमित उपस्थिती हुनुपर्दछ । यस्तो कक्षा सञ्चालन गर्दा दुई ओटा सत्रमा विभाजन गर्नु पर्दछ । पहिलो सत्रमा बालबालिकाहरूलाई पठन पाठन र सिकाई अभ्यासलाई सजिलो बनाउने टिप्सहरूको बारेमा छलफल गर्नुपर्दछ । भने, अर्को सत्रमा यसै निर्देशिकामा उल्लेख भएका विषयवस्तुहरूमा छलफल गराउनु पर्दछ ।

**सहजकर्ताको जिम्मेवारी**



## बालचौतारी कक्षा सञ्चालनको आधारभूत मान्यताहरू

### समुदाय, रोजगारदाता तथा बालबालिकाहरूको सहभागिता

बालचौतारी कक्षा सञ्चालन, अनुगमन, समिक्षा एवम् मुल्यांकनको सवालमा समुदाय, रोजगारदाता र सहभागी बालबालिकाहरूको सहभागिता अत्यन्त महत्वपूर्ण हुन्छ । यस किसिमको सहभागिता बालचौतारी कक्षाको सञ्चालन तथा व्यवस्थापन, अनुगमन तथा मुल्यांकन एवम् बालबालिकाहरूको पारिवारिक पुनर्एकीकरण तथा विद्यालय मूलप्रवाहीकरणमा अभ्यास गर्न सकिन्छ ।

**बालचौतारी कक्षा सञ्चालन तथा व्यवस्थापनमा सहभागिता :**

- कार्यक्रम सञ्चालन भएको क्षेत्र भित्र रहेका घरेलु बालश्रमिकहरूको संख्या, अवस्था, तथा रोजगारदाताहरूको पहिचान गर्ने प्रक्रियामा छलफल, भेटघाट तथा परामर्श गरेर ।
- बालचौतारी कक्षामा सहभागी हुन चाहने वा सक्ने घरेलु श्रमिक बालबालिकाहरूलाई बालचौतारी कक्षामा भर्ना गर्नका लागि रोजगारदातालाई उत्प्रेरित गर्न घरदैलो कार्यक्रम तथा रोजगारदाता भेटघाट कार्यक्रममा संलग्न गराएर ।
- स्थानीय समुदायकै तर्फबाट सर्वसम्मतीको आधारमा ५ वा ७ जना सदस्य रहने गरी कक्षा अनुगमन समूह (Class Monitoring Group – CMG) निर्माण तथा परिचालन गर्ने । स्थानीय स्तरमा रहेको बालसंरक्षण समिति रहेको अवस्थामा सोही समितिलाई CMG को जिम्मेवारी दिन पनि सकिन्छ ।
- CMG लाई कक्षा व्यवस्थापन गर्न बालबालिकाहरू संकलन गर्नुपर्ने भएको ले घरदैलो गर्ने, कक्षा कोठा खोज्ने र सहजकर्ता को खोजीको विषयमा योजना निर्माण गर्न लगाउने ।
- कार्ययोजना अनुरूप घरदैलो लगायतका अभियानमा समुदायलाई परिचालन गर्ने ।
- समय समयमा रोजगारदाताहरूसँग नियमित भेटघाट, अनुशिक्षण, अन्तर्क्रिया तथा समिक्षा कार्यक्रमहरू सञ्चालन गर्ने ।

**बालचौतारी कक्षाको अनुगमन तथा मुल्यांकनमा सहभागिता**

स्थानीय स्तरमा रहेका घरेलु बालश्रमिकहरूको लागि बालचौतारी कक्षा सञ्चालन गरिरहँदा कक्षाको प्रभावकारीता अभिवृद्धि गर्न तथा समुदायको स्वामित्वमा अभिवृद्धि गर्न बालचौतारी कक्षाको अनुगमन तथा मुल्यांकनमा समुदाय, रोजगारदाता र सहभागी बालबालिकाहरूको सहभागिता अभ्यास गर्न सकिन्छ ।

- कक्षा सञ्चालनको क्रममा प्रत्येक २ महिनामा CMG/CPC र अन्य सरोकारवालाहरूबीच छलफल कार्यक्रमको आयोजना गर्ने र कक्षाको हालसम्मको प्रगति विवरण प्रस्तुत गर्ने ।

- कक्षामा Visitor Book राख्ने र त्यसमा अवलोकन गर्न आउने सबै सरोकारवालाहरूको सल्लाह तथा सुझावहरू संकलन गर्ने ।
- सङ्कलित सल्लाह तथा सुझावहरूको विषयमा सम्बन्धित सूपरभाइजरसँग वा जिल्ला परियोजना अधिकृतसँग छलफल गरी कार्यान्वयन गर्ने । कार्यान्वयन गर्न नसकिने सुझावहरू भए त्यसको बारेमा सम्बन्धित व्यक्तिलाई कारण सहित जानकारी गराउने
- कक्षामा गरिने अतिरिक्त कार्यक्रमहरूको बारेमा CMG/CPC लाई जानकारी गराउने र सो को अवलोकन गर्न निमन्त्रणा दिने ।
- बालचौतारी कक्षामा सबैको पहुँच हुन सक्ने गरी उजुरी पेटिकाको व्यवस्था गर्ने र रोजगारदाता, बालबालिका तथा समुदायका व्यक्तिहरूले कक्षासँग सम्बन्धित कुनै पनि गुनासो, सुझाव वा प्रतिक्रिया भएमा बेनामी पत्र पठाउन सक्ने जानकारी गराउने ।
- समय समयमा कक्षामा सहभागी बालबालिकाहरूसँग बालकक्षाको अनुभव तथा सुधार गर्न सकिने विषयहरूका बारेमा छलफल कार्यक्रमहरू सञ्चालन गर्ने ।
- अन्य बालचौतारी कक्षाका सहजकर्ता तथा सामाजिक परिचालक एवम् जिल्ला परियोजना अधिकृतहरूसँग अनुगमन भ्रमण, अनुभव आदानप्रदान तथा सामुहिक समिक्षा कार्यक्रम सञ्चाल गर्ने ।

**बालचौतारी कक्षा पूरा गरेका बालबालिकाहरूलाई परिवारमा पुर्नएकीकरण वा विद्यालयमा मूल प्रवाहीकरणमा सहभागिता**

बालबालिकाहरूले बाबुआमासँग बस्न पाउनु पर्छ । बालचौतारी कक्षा अध्ययन गरिरहेका वा पूरा गरेका बालबालिकाहरूलाई बाबुआमासँग बस्न घर फर्किने वातावरणको सृजना गर्नु हामी सबैको दायित्व हो । घर फर्किने पारिवारिक अवस्था नभएका बालबालिकाहरूको लागि विदालयमा मूलप्रवाहीकरण (विद्यालयमा भर्ना) गराउनु पर्छ । यो अभियान सिविस एक्लैले गर्न सक्दैन । यसको लागि समूदाय, रोजगारदाता र बालबालिकाका परिवारसँगको समन्वय र सहकार्य अति आवश्यक छ । बालचौतारी कक्षामा अध्ययनरत बालबालिकाहरूलाई घर फर्किने वा विद्यालयमा अध्ययन गर्ने कुरामा उत्प्रेरित गरिसकेपछि निम्न प्रक्रिया अवलम्बन गर्नुपर्छ :

- समुदायका व्यक्तिहरू, CMG/CPC, रोजगारदातासँग बालबालिकाको परिवारसँग बस्न पाउने अधिकार, घरेलु बालश्रमसँग सम्बन्धित कानुनी प्रावधान तथा उपलब्ध वैकल्पिक वयष्क श्रमिकको सम्भावनाहरूको बारेमा छलफल सञ्चालन गर्ने ।
- समुदाय, रोजगारदाता तथा बालश्रमिकहरूसँग घर फर्किन चाहने बालबालिकाको लागी परियोजनाले उपलब्ध गराउन सक्ने सेवा तथा सुविधाहरूको बारेमा जानकारी गराउने ।

- परिवारमा फर्कन चाहने बालबालिकाहरूको विवरण तयार पारी हेल्पलाईन सेवालाई उपलब्ध गराउने । तथा सम्बन्धित बालबालिकासँग मनोविमर्शकर्ताको छलफल सञ्चालन गर्ने ।
- घर फर्कने पारिवारिक परिस्थिती नभएका बालबालिकाहरूको लागि विद्यालय शिक्षा उपयुक्त स्थान भएको बारे छलफल गर्ने र उनीहरूलाई विद्यालय भर्ना गर्न रोजगारदातासँग छलफल गर्ने ।

**बालचौतारी कक्षा तथा सहयोगी शिक्षा कक्षाको अनुगमन, मुल्यांकन र समिक्षामा सहभागिता**

कक्षा सञ्चालन पश्चात् उक्त कक्षाको उपलब्धी, चुनौती र सिकाईको मापन गर्न र त्यसको मुल्या.कन गर्न अनुगमन र समिक्षा गरिनेछ । यस्तो अनुगमन समुदाय, समुदाय परिचालक, कार्यक्रम संयोजक, कार्यक्रम अधिकृत आदिबाट हुनेछ ।

विशेषगरी समुदाय परिचालक, कार्यक्रम संयोजक, कार्यक्रम अधिकृतले बालचौतारी कक्षा र सहयोगी शिक्षा कक्षाको भ्रमण गरेर, बालबालिकासँग छलफल गरेर, समुदायसँग अन्तर्क्रिया गरेर अनुगमन गर्नेछ । भने, बालचौतारी कक्षा र सहयोगी शिक्षा कक्षा सञ्चालनको क्रममा समुदायको परिचालन त्यसले पारेको प्रभाव आदिमा सहजकर्ताको संलग्नताको बारेमा र समुदायको संलग्नताले ल्याएको उपलब्धीको बारेमा मुल्यांकन गर्न छलफल तथा अन्तर्क्रिया कार्यक्रमको आयोजना सामुदायिक परिचालकले गर्नेछ । बार्षिक रूपमा सामाजिक लेखा परिक्षणको आयोजना हुनेछ ।

बालचौतारी कक्षा र सहयोगी शिक्षा कक्षालाई निम्न प्रकारले अनुगमन तथा मुल्यांकन गरिनेछः

**क) स्व मुल्यांकन :**

बालचौतारी कक्षा र सहयोगी शिक्षा कक्षामा सहजीकरण गर्ने सहजकर्ताले आफूले सम्पन्न गरेको कार्य बालचौतारी कक्षा वा सहयोगी शिक्षा कक्षाको उद्देश्य र अपेक्षित उपलब्धी अनुसार सम्पादन भए नभएको जाँच गर्नु स्व मुल्यांकन हो । सहजकर्ताले स्वमुल्यांकन गर्दा सम्पन्न गरिएका गतिविधिहरू उद्देश्य अनुरूप भए नभएको जाँच गर्नुपर्छ र सो अनुसार परिणाम आए नआएको जाँच गर्नुपर्छ । यसरी आफूले गरेको कार्य सम्पादनको परिणाम उद्देश्य अनुरूप नआएको भए सो परिणाम ल्याउनको लागी रणनीतिक परिवर्तन गरी पुनः प्रयास गर्नुपर्छ । स्व मुल्यांकनको लागि सहजकर्ताले तल दिइएको फारमलाई प्रयोग गर्न सक्नेछ : स्वमुल्यांकन फारम तल दिइएको छ :

| उद्देश्य | अपेक्षित उपलब्धी | परिणाम | योजना | समय | समन्वय गर्नुपर्ने व्यक्ति, संस्था वा समूह |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

सहजकर्ताले माथिको फारम भरी आफूले सम्पन्न गरेको गतिविधिको मुल्यांकन गर्न सक्नेछ ।

**ख)	सहभागीमूलक मुल्यांकन :**

समुदाय र विद्यालयसँग समन्वय र सहकार्य गरी बालचौतारी कक्षा वा सहयोगी शिक्षा कक्षा सञ्चालन गरिएको हुँदा त्यसको अनुगमन, मुल्यांकन र समिक्षा गर्ने अधिकार समुदायको छ । समुदायका व्यक्तिहरू, कक्षा अनुगमन समूह वा बालसंरक्षण समिति (CMG/CPC), कक्षाका सहभागी बालबालिकाहरूले पनि सहजकर्ताले सम्पादन गरेको कार्यको मुल्यांकन गर्नेछ । सहजकर्ता आफूले गरेको कार्य सम्पादनको मुल्यांकनको लागी मासिक रूपमा CMG/CPC, रोजगारदाता, सहभागी बालबालिकाहरूको प्रतिनिधिहरूको समिक्षा बैठक राख्नु पर्दछ । यसरी मासिक कार्य सम्पादनको समिक्षा गर्न बसेको बैठकमा सामुदायिक परिचालकको उपस्थिती अनिवार्य हुन्छ । यस्तो बैठकमा सहजकर्ताले अघिल्लो महिनाको योजना र सो अनुसार सम्पन्न गरेका गतिविधि, त्यसको उपलब्धी र आगामी योजनाको बारेमा सहभागीहरूलाई जानकारी गराउनु पर्दछ । बैठकको क्रममा सहभागीले दिएका सुझाव एवम् सल्लाहहरूलाई टिपोट गरी आगामी महिनाको योजनामा उल्लेख गर्नुपर्दछ । यदि सहभागीले दिएका सुझाव सिविसको कार्यपद्दती वा उद्देश्यसँग मेल खाने नभएमा सोही समयमा वा अर्को बैठकमा सहभागीलाई स्पष्ट जानकारी गराउनु पर्दछ ।

**ग)	कार्यालय तथा सरोकारवाला निकायहरूबाट गरिने मुल्यांकन**

नियमित अनुगमन तथा मुल्यांकन बालचौतारी कक्षा वा सहयोगी शिक्षा कक्षाका सामुदायिक परिचालकले गर्दछ । यदि विद्यालयमा आधारित सहयोगी शिक्षा कक्षा सामाजिक परिचालकले सहजीकरण गरिरहेको छ भने, त्यस्तो अवस्थामा परियोजना कार्यक्रम संयोजक वा कार्यक्रम अधिकृतले अनुगमन गर्नुपर्नेछ । यसरी अनुगमन गर्दा सामुदायिक परिचालकले क्रियाकलापको उद्देश्य र अपेक्षित उपलब्धीलाई ध्यानमा राखेर गर्नुपर्छ । नियमित अनुगमन बालचौतारी कक्षा वा सहयोगी शिक्षा कक्षाको अवस्था अनुसार साप्ताहिक, पाक्षिक वा मासिक रूपमा गर्नुपर्दछ । नियमित अनुगमनको लागि सामुदायिक परिचालकले अनुगमन तथा मुल्यांकन योजना तयार पारी सोही अनुसार कार्य सम्पादन गर्नुपर्दछ । यसरी अनुगमन गर्दा परियोजनाले माग गरे अनुसारको सूचना संकलन गरी अनुगमनको प्रतिवेदन तयार पारी सामुदायिक परिचालकले कार्यक्रम अधिकृतलाई उपलब्ध गराउनु पर्छ । सामुदायिक परिचालकहरूको प्रतिवेदनलाई Compile गरी कार्यक्रम अधिकृतले पूर्ण प्रतिवेदन तयार पार्नुपर्छ । - *कार्यक्रम अधिकृत वा सामुदायिक परिचालकले कक्षाको अनुगमन गर्नु बालचौतारी कक्षा वा सहयोगी शिक्षा कक्षाको र सहजकर्ताको त्रुटी वा कमी कमजोरी पत्ता लगाएर प्रतिवेदन तयार पार्नु मात्र होइन । अनुगमन गर्दा त्यस्ता कमी कमजोरीहरू देखिएमा सुधारको लागि सहजकर्तालाई सुझाव र समय दिनुपर्छ । आवश्यकता परेमा कक्षा सञ्चालन गरी सहजकर्तालाई सिकाउनु पर्दछ ।)*

यसका अतिरिक्त बालचौतारी कक्षाको अनुगमन तथा मुल्यांकन सिविसका कार्यसमिति सदस्य, व्यवस्थापक, कार्यक्रम संयोजक, कार्यक्रम अधिकृत, दातृ निकाय र अन्य स्थानीय सरोकारवालाहरूले समेत गर्न सक्नेछ । यस्तो अनुगमन तथा मुल्यांकन कुनै पनि समयमा हुन सक्नेछ ।

# विद्यालयमा आधारित सहयोगी शिक्षा कक्षा

## सहयोगी शिक्षा कक्षाको उद्देश्य, सञ्चालन प्रक्रिया र सिमितताहरू

उद्देश्य

सहयोगी शिक्षा कक्षाले सहभागी बालबालिकाहरूमाफ गुणस्तरीय शिक्षा पारिवारीक पुनर्एकीकरणका लागि प्रोत्साहन र सम्भावनाहरूको प्रवर्द्धन गर्ने लक्ष्य लिएको छ । यस कार्यक्रमका विशिष्ट उद्देश्यहरू निम्नलिखित छन् ।

- विद्यालयमा थप सहयोगी कक्षा उपलब्ध गराई घरेलु श्रमिक बालबालिकाको शिक्षामा गुणस्तर बृद्धि गर्ने अवसर प्रदान गर्नु ,
- परिवारबाट टाढा रहेका बालबालिकामाथि भएका शोषण तथा दुर्व्यवहारको पहिचान गरि त्यस्ता बालबालिकालाई परिवारमा पुनर्मिलन गराउन सिफारिस गर्नु ,
- सहभागी घरेलु श्रममा संलग्न रहेका बालबालिकाहरूको शैक्षिक तथा जीवनउपयोगी सीप र क्षमताको विकास गर्नु ।

माथिका विशिष्ट उद्देश्यहरू पूरा गर्नका लागि यस कार्यक्रमले निम्न लिखित उपलब्धीहरूको अपेक्षा गरेको छ :

१) दुर्व्यवहार तथा श्रमशोषणमा परेका सहभागी घरेलु बालश्रमिकहरूले पारिवारिक पुनर्एकिकरण र पुनर्स्थापनाको विकल्प रोज्नेछन् ।

२) सहभागी घरेलु बालश्रमिकहरूमध्ये न्यूनतम ८० प्रतिशतको शैक्षिक क्षमता र जीवनउपयोगी सीपमा सुधार हुनेछ ।

## सहयोगी शिक्षा कक्षाको कार्यक्षेत्र तथा सञ्चालन प्रक्रिया

- सहयोगी शिक्षा कक्षा विद्यालयमा आधारित कक्षा हो । तसर्थः यस्तो कक्षामा विद्यालयमा केन्द्रित हुनेछ ।
- विद्यालयमा आधारित कक्षा साताको ६ दिन विद्यालयमा सञ्चालन हुनेछ । ५ दिन सम्म छनौट गरिएका शिक्षकले विषयगत सहयोगी कक्षा सञ्चालन गर्नेछन् भने एक दिन सिविसको सामाजिक परिचालक वा तोकिएको सहजकर्ताले सहयोगी शिक्षा कक्षा सञ्चालन गर्नेछ । आवश्यकता अनुसार सिविसले प्रशिक्षण प्राप्त अन्य कुनै व्यक्तिलाई सहजीकरणको जिम्मा दिन सक्नेछ ।
- सहयोगी शिक्षा कक्षा सञ्चालन हुने स्थानको पूर्वसम्भाव्यता अध्ययन गरिनु पर्दछ । यसका लागि सम्भावित क्षेत्रको विद्यालयको अनुगमन, विद्यार्थीहरूको विश्लेषण गरी बालसंरक्षण समिति, बालक्लब, विद्यालय व्यवस्थापन समिति र अभिभावक शिक्षक संघसँगको छलफलको आधारमा सहयोगी शिक्षा कक्षा सञ्चालन हुन सक्ने वा नसक्ने सम्भाव्यता निर्क्यौल गर्न सकिन्छ ।

- सम्भाव्यता छलफलबाट कक्षा सञ्चालन गर्न सकिने निर्क्यौल भएमा विद्यालय प्रशासन र विद्यालय व्यवस्थापन समितिसँग सहकार्यको लिखित सहमती गर्ने ।
- बालबालिकाको लागि सहयोगी कक्षा सञ्चालन गर्न विद्यालयसँग समन्वय गरी शिक्षक छनौट गर्नुपर्नेछ । यसरी छनौट गरिएको शिक्षकलाई सिविसले न्यूनतम सेवा सुविधा उपलब्ध गराउने छ । यी सबै प्रक्रियामा विद्यालय र सिविस बीच लिखित सम्झौता गरिनेछ ।
- विद्यालय प्रशासन तथा शिक्षकहरूको सहकार्यमा सहयोगी शिक्षा कक्षामा सहभागी हुने बालबालिकाहरूको सूचि तयार गर्ने ।
- यस प्रक्रियामा कुनै पनि समस्या वा अलमल भएमा सम्बन्धित सामाजिक परिचालक वा जिल्ला परियोजना अधिकृत वा सिविस कार्यालयका कार्यक्रम व्यवस्थापक सम्पर्क गर्न सकिन्छ ।

# विद्यालयमा आधारित सहयोगी शिक्षा कक्षाका सहभागीहरू

- विद्यालय शिक्षा अन्तर्गत कक्षा ८ वा सो भन्दा मुनी अध्ययनरत घरेलु श्रमिक बालबालिकाहरू
- विषयवस्तुमा कमजोर भएका घरेलु बालश्रमिकहरू
- दुर्व्यवहार तथा शोषणमा परेका घरेलु बालश्रमिकहरू

## विद्यालयमा आधारित सहयोगी शिक्षा कक्षा सञ्चालन हुने समय :

- सहयोगी शिक्षा कक्षा सामान्यतया साप्ताहिक रूपमा ६ दिन (आइतबार देखि शुक्रबार) दिनको २ घण्टाको दरले सञ्चालन हुनेछ ।
- सहभागीहरूको अनुकुलताको आधारमा उक्त २ घण्टाको समय निर्धारण गर्न सकिनेछ । कमसेकम २ घण्टा सहयोगी शिक्षा कक्षामा रहन सक्ने गरी कक्षा समय निर्धारण गर्ने ।
- हप्ताको ५ दिन सम्म विद्यालयको तर्फबाट छनौट गरिएका शिक्षकले उक्त कक्षालाई सहजीकरण गरी प्रत्येक दिन सिकिएका विषयवस्तुहरूमा केन्द्रीत रहि सहयोगी शिक्षा (ट्युसन) कक्षा सञ्चालन गर्नेछ भने एक दिन सिविसका सामाजिक परिचालक वा तोकिएको सहजकर्ताले उक्त कक्षालाई सहजीकरण गर्नेछ ।

## सहयोगी शिक्षा कक्षा सञ्चालनको आधारभूत मान्यताहरू

### सरोकारवालाहरूको सहभागिता

सहयोगी शिक्षा कक्षा सञ्चालन, अनुगमन, समिक्षा एवम् मुल्यांकनको सवालमा बालसंरक्षण समिति, बालक्लब, विद्यालय व्यवस्थापन समिति, अभिभावक शिक्षक संघको सहभागिता अत्यन्त महत्वपूर्ण हुन्छ । यस किसिमको सहभागिता सहयोगी शिक्षा कक्षाको सञ्चालन तथा व्यवस्थापन, अनुगमन तथा मुल्यांकन एवम् बालबालिकाहरूको पारिवारिक पुनर्एकीकरण तथा विद्यालय मूलप्रवाहीकरणमा अभ्यास गर्न सकिन्छ ।

**सहयोगी शिक्षा कक्षा सञ्चालन तथा व्यवस्थापनमा सहभागिता :**

- सहयोगी शिक्षा कक्षा सञ्चालन भएको विद्यालय भित्र रहेका घरेलु बालश्रमिकहरूको संख्या, अवस्था, तथा रोजगारदाताहरूको पहिचान गर्ने प्रक्रियामा छलफल, भेटघाट तथा परामर्श गरेर ।
- सहयोगी शिक्षा कक्षामा सहभागी हुन चाहने वा सक्ने घरेलु श्रमिक बालबालिकाहरूलाई सहयोगी शिक्षा कक्षामा भर्ना गर्नका लागि रोजगारदातालाई उत्प्रेरित गर्न घरदैलो कार्यक्रम तथा रोजगारदाता भेटघाट कार्यक्रममा संलग्न गराएर ।
- कार्ययोजना अनुरूप घरदैलो लगायतका अभियानमा समुदायलाई परिचालन गर्ने ।
- समय समयमा रोजगारदाताहरूसँग नियमित भेटघाट, अनुशिक्षण, अन्तर्क्रिया तथा समिक्षा कार्यक्रमहरू सञ्चालन गर्ने ।

**सहयोगी शिक्षा कक्षाको अनुगमन तथा मुल्यांकनमा सहभागिता**

विद्यालयमा अध्ययनरत घरेलु बालश्रमिकहरूको लागि सहयोगी शिक्षा कक्षा सञ्चालन गरिरहँदा कक्षाको प्रभावकारीता अभिवृद्धि गर्न सहयोगी शिक्षा कक्षाको अनुगमन तथा मुल्यांकनमा विद्यालय व्यवस्थापन समिति, अभिभावक शिक्षक संघ, बालसंरक्षण समिति लगायतका सरोकारवाला र सहभागी बालबालिकाहरूको सहभागिता अभ्यास गर्न सकिन्छ ।

- कक्षा सञ्चालनको क्रममा प्रत्येक २ महिनामा बालसंरक्षण समिति, विद्यालय प्रशासन, बालक्लब, सहभागी बालबालिका, सिविस प्रतिनिधि र सहयोगी शिक्षा कक्षा सञ्चालन गर्ने शिक्षक विच सामुहिक अन्तर्क्रियाको आयोजना गर्नु पर्नेछ ।
- कक्षामा Visitor Book राख्ने र त्यसमा अवलोकन गर्न आउने सबै सरोकारवालाहरूको सल्लाह तथा सुझावहरू संकलन गर्ने ।
- सङ्कलित सल्लाह तथा सुझावहरूको विषयमा सम्बन्धित सूपरभाइजरसँग छलफल गरी कार्यान्वयन गर्ने । कार्यान्वयन गर्न नसकिने सुझावहरू भए त्यसको बारेमा सम्बन्धित व्यक्तिलाई कारण सहित जानकारी गराउने
- समय समयमा कक्षामा सहभागी बालबालिकाहरूसँग बालकक्षाको अनुभव तथा सुधार गर्न सकिने विषयहरूका बारेमा छलफल कार्यक्रमहरू सञ्चालन गर्ने ।
- अन्य सहयोगी शिक्षा कक्षाका सहजकर्ता तथा सामाजिक परिचालक एवम् सिविस प्रतिनिधिहरूसँग अनुगमन भ्रमण, अनुभव आदानप्रदान तथा सामुहिक समिक्षा कार्यक्रम सञ्चाल गर्ने ।

**सहयोगी शिक्षा कक्षा पूरा गरेका बालबालिकाहरूलाई परिवारमा पुर्नएकीकरण वा विद्यालयमा मूल प्रवाहीकरणमा सहभागिता**

बालबालिकाहरूले बाबुआमासँग बस्न पाउनु पर्छ । सहयोगी शिक्षा कक्षा अध्ययन गरिरहेका वा पूरा गरेका बालबालिकाहरूलाई बाबुआमासँग बस्न घर फर्किने वातावरणको सृजना गर्नु हामी सबैको दायित्व हो । घर फर्किने पारिवारिक अवस्था नभएका बालबालिकाहरूको सवालमा बालअधिकारको सुनिश्चितता सहित सोही स्थानमा अवस्था सुधारका लागि पहल गर्नु पर्दछ । यदि कुनै बालश्रमिकहरू घर फर्कने वा रोजगारदातासँग बस्न नसक्ने अवस्था भएको खण्डमा ती बालबालिकाहरूको लागि वैकल्पिक हेरचाहको व्यवस्था गर्न सकिनेछ । यो अभियान सिविस एक्लैले गर्न सक्दैन । यसको लागि समूदाय, विद्यालय, बालसंरक्षण समिति, राज्यका निकाय, रोजगारदाता र बालबालिकाका परिवारसँगको समन्वय र सहकार्य अति आवश्यक छ । सहयोगी शिक्षा कक्षामा अध्ययनरत बालबालिकाहरूलाई घर फर्किने वा विद्यालयमा अध्ययन गर्ने कुरामा उत्प्रेरित गरिसकेपछि निम्न प्रक्रिया अवलम्बन गर्नुपर्छ :

- विद्यालय प्रशासन, विद्यालय व्यवस्थापन समिति, अभिभावक शिक्षक संघ, बालसंरक्षण समिति, बालक्लब, रोजगारदातासँग बालबालिकाको परिवारमा बस्न पाउने अधिकार, घरेलु बालश्रमसँग सम्बन्धित कानुनी प्रावधान तथा उपलब्ध वैकल्पिक वयष्क श्रमिकको सम्भावनाहरूको बारेमा छलफल सञ्चालन गर्ने ।
- समुदाय, रोजगारदाता तथा बालश्रमिकहरूसँग घर फर्किन चाहने बालबालिकाको लागी परियोजनाले उपलब्ध गराउन सक्ने सेवा तथा सुविधाहरूको बारेमा जानकारी गराउने ।
- परिवारमा फर्कन चाहने बालबालिकाहरूको विवरण तयार पारी हेल्पलाईन सेवालाई उपलब्ध गराउने । तथा सम्बन्धित बालबालिकासँग मनोविमर्शकर्ताको छलफल सञ्चालन गर्ने ।
- घर फर्कने पारिवारिक परिस्थिती नभएका बालबालिकाहरूको लागि हाल बालबालिका रहेकै स्थानमा बालअधिकारको सुनिश्चितता सहित अवस्था सुधारको लागि पहल गर्ने ।

**सहयोगी शिक्षा कक्षाको अनुगमन, मुल्यांकन र समिक्षामा सहभागिता**

कक्षा सञ्चालन पश्चात् उक्त कक्षाको उपलब्धी, चुनौती र सिकाईको मापन गर्न र त्यसको मुल्या.कन गर्न अनुगमन र समिक्षा गरिनेछ । यस्तो अनुगमन विद्यालय, विद्यालय व्यवस्थापन समिति, बालसंरक्षण समिति, बालक्लब, समुदाय परिचालक, कार्यक्रम संयोजक, कार्यक्रम अधिकृत आदिबाट हुनेछ ।

विशेषगरी समुदाय परिचालक, कार्यक्रम संयोजक, कार्यक्रम अधिकृतले सहयोगी शिक्षा कक्षा र सहयोगी शिक्षा कक्षाको भ्रमण गरेर, बालबालिकासँग छलफल गरेर, समुदायसँग अन्तर्क्रिया गरेर अनुगमन गर्नेछ । भने, सहयोगी शिक्षा कक्षा र सहयोगी शिक्षा कक्षा सञ्चालनको क्रममा सरोकारवालाको परिचालन त्यसले पारेको प्रभाव आदिमा सहजकर्ताको संलग्नताको बारेमा र समुदायको संलग्नताले ल्याएको उपलब्धीको बारेमा मुल्यांकन गर्न छलफल तथा अन्तर्क्रिया कार्यक्रमको आयोजना सामुदायिक परिचालकले गर्नेछ ।

सहयोगी शिक्षा कक्षालाई निम्न प्रकारले अनुगमन तथा मुल्यांकन गरिनेछः

**क) स्व मुल्यांकन :**

सहयोगी शिक्षा कक्षा सहजीकरण गर्ने सहजकर्ता वा शिक्षकले आफूले सम्पन्न गरेको कार्य सहयोगी शिक्षा कक्षाको उद्देश्य र अपेक्षित उपलब्धी अनुसार सम्पादन भए नभएको जाँच गर्नु स्व मुल्यांकन हो । सहजकर्ताले स्वमुल्यांकन गर्दा सम्पन्न गरिएका गतिविधिहरू उद्देश्य अनुरूप भए नभएको जाँच गर्नुपर्छ र सो अनुसार परिणाम आए नआएको जाँच गर्नुपर्छ । यसरी आफूले गरेको कार्य सम्पादनको परिणाम उद्देश्य अनुरूप नआएको भए सो परिणाम ल्याउनको लागी रणनीतिक परिवर्तन गरी पुनः प्रयास गर्नुपर्छ । स्व मुल्यांकनको लागि सहजकर्ताले तल दिइएको फारमलाई प्रयोग गर्न सक्नेछ : स्वमुल्यांकन फारम तल दिइएको छ :

| उद्देश्य | अपेक्षित उपलब्धी | परिणाम | योजना | समय | समन्वय गर्नुपर्ने व्यक्ति, संस्था वा समूह |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

सहजकर्ताले माथिको फारम भरी आफूले सम्पन्न गरेको गतिविधिको मुल्यांकन गर्न सक्नेछ ।

**ख) सहभागीमूलक मुल्यांकन :**

सहयोगी शिक्षा कक्षामा सहभागी भएका बालबालिकाहरूको शैक्षिक गुणस्तर मापनका लागि द्वैमासिक रूपमा मुल्यांकन गर्नु पर्ने छ । यस्तो मुल्यांकन सहजकर्ता र शिक्षकले आफ्नो आफ्नो कक्षाको छुट्टा छुट्टै गर्नुपर्नेछ ।

**ग) कार्यालय तथा सरोकारवाला निकायहरूबाट गरिने मुल्यांकन**

नियमित अनुगमन तथा मुल्यांकन सहयोगी शिक्षा कक्षा वा सहयोगी शिक्षा कक्षाका सामुदायिक परिचालकले गर्दछ । यदि विद्यालयमा आधारित सहयोगी शिक्षा कक्षा सामाजिक परिचालकले सहजीकरण गरिरहेको छ भने, त्यस्तो अवस्थामा कार्यक्रम अधिकृत वा कार्यक्रम संयोजकले अनुगमन गर्नुपर्नेछ । यसरी अनुगमन गर्दा सामुदायिक परिचालकले क्रियाकलापको उद्देश्य र अपेक्षित उपलब्धीलाई ध्यानमा राखेर गर्नुपर्छ । नियमित अनुगमन सहयोगी शिक्षा कक्षाको अवस्था अनुसार साप्ताहिक, पाक्षिक वा मासिक रूपमा गर्नुपर्दछ । नियमित अनुगमनको लागि सामुदायिक परिचालक वा अनुगमन गर्न जाने व्यक्तिले अनुगमन तथा मुल्यांकन योजना तयार पारी सोही अनुसार

कार्य सम्पादन गर्नुपर्दछ । यसरी अनुगमन गर्दा परियोजनाले माग गरे अनुसारको सूचना संकलन गरी अनुगमनको प्रतिवेदन तयार पारी अनुगमनकर्ताले कार्यक्रम अधिकृतलाई उपलब्ध गराउनु पर्छ । सामुदायिक परिचालकहरूको प्रतिवेदनलाई Compile गरी कार्यक्रम अधिकृतले पूर्ण प्रतिवेदन तयार पार्नुपर्छ । *(कार्यक्रम अधिकृत वा सामुदायिक परिचालकले कक्षाको अनुगमन गर्नु सहयोगी शिक्षा कक्षा र सहजकर्ताको त्रुटी वा कमी कमजोरी पत्ता लगाएर प्रतिवेदन तयार पार्नु मात्र होइन । अनुगमन गर्दा त्यस्ता कमी कमजोरीहरू देखिएमा सुधारको लागि सहजकर्तालाई सुझाव र समय दिनुपर्छ । आवश्यकता परेमा कक्षा सञ्चालन गरी सहजकर्तालाई सिकाउनु पर्दछ ।)*

यसका अतिरिक्त सहयोगी शिक्षा कक्षाको अनुगमन तथा मुल्यांकन सिविसका कार्यसमिति सदस्य, व्यवस्थापक, कार्यक्रम संयोजक, कार्यक्रम अधिकृत, दातृ निकाय र अन्य स्थानीय सरोकारवालाहरूले समेत गर्न सक्नेछ । यस्तो अनुगमन तथा मुल्यांकन कुनै पनि समयमा हुन सक्नेछ ।

## बालचौतारी कक्षा र सहयोगी शिक्षा कक्षामा आउन सक्ने द्वन्द्व र जोखिम न्यूनिकरण

घरेलुश्रममा रहेका बालबालिकाहरूको लागि बालचौतारी कक्षा र विद्यालयमा आधारित सहयोगी शिक्षा कक्षा सञ्चालन, बालबालिकाहरूलाई विद्यालय मूलप्रवाहीकरण र उनीहरूलाई परिवारमा पुर्नएकीकरण गर्ने अभियानमा विशेषगरी रोजगारदाता, विद्यालय र समुदायसँग द्वन्द्व सिर्जना हुनसक्छ । मुख्यतः बालबालिकाहरूलाई परिवारमा पुर्नएकीकरण गर्न घर फर्काउने काममा रोजगारदाताहरूबाट असहयोग हुने र समुदायसँग समेत द्वन्द्व वा मनमुटाव हुने खतरा रहन्छ । रोजगारदाताले बालबालिकालाई घर फर्काउन नमान्ने वा नदिने, यसको लागि रोजगारदाताले समुदायलाई परिचालन गर्ने, समुदायले सिविसलाई असहयोग गर्ने र अन्ततः बालचौतारी कक्षा वा सहयोगी शिक्षा कक्षा विरूद्ध अभियान नै सञ्चालन गर्न सक्ने जस्ता चुनौतीहरू देखा पर्न सक्छन् । त्यसैले सहजकर्ताले विशेष सतर्कता अपनाउनु पर्छ । यी र यस्ता जोखिम न्यूनिकरणका लागि सहजकर्ताले निम्न उपायहरू अपनाउन सक्नेछ :

- घर फर्कन चाहने बालबालिकाको विवरण पूर्णतया गोप्य राख्ने र सामाजिक परिचालक मार्फत् तत्काल हेल्पलाईन सेवालाई जानकारी गराउने ।
- रोजगारदाताहरूका बारेमा बालबालिकाले गरेका गुनासाहरूलाई गोप्य राखी आवश्यक कारबाहीका निम्ती हेल्पलाईन सेवालाई जानकारी गराउने ।
- बालबालिकाहरू घर फर्कन चाहेको वा विद्यालय जान चाहेको कुरालाई रोजगारदातासँग छलफल गर्ने वा नगर्ने विषयमा स्वयम् बालबालिकाहरूसँग परामर्श गर्ने ।
- सहभागी बालबालिकाहरूमाझ बालचौतारी कक्षामा छलफल भएका विषयहरू तथा व्यक्त विचारहरूलाई कक्षाभन्दा बाहिर नलान आचारसंहिता निर्माण गरी लागू गर्ने ।
- जोखिमतामा रहेका वा समस्याबाट प्रभावित भएका बालबालिकाहरूका लागि मनोविमर्श सेवाको व्यवस्था गर्ने ।
- कक्षामा सहभागी भएका बालबालिका तथा समुदायका व्यक्तिहरूलाई बालसंरक्षणका लागि व्यवहारिक सीपहरू, उपलब्ध सेवाहरू तथा अप्ठेरो परिस्थितीमा सम्पर्क गर्न सकिने टेलिफोन नम्बरहरू (खोजतलास १०४, हेल्पलाईन १०९८, सिविस हेल्पलाईन (१६६००११००००) मा सम्पर्क गर्न सकिने कुरा जानकारी गराउने ।

## सिविस हेल्पलाईन सेवा

सिविसले घरेलु बालश्रमिकहरूको सुविधा र उनीहरूलाई परिवारमा पुर्नएकीकरण गर्नका लागि हेल्पलाईन सेवा (१६६००११०००००) सञ्चालन गरेको छ । यो सेवा राज्यको नीति र कार्यक्रम अनुसार राज्यका अन्य सेवा प्रदायक निकायहरूसँग सहकार्य एवम् समन्वय गरी सञ्चालन गरिएको छ । सिविस हेल्पलाईन सेवाले हिंसा, दुर्व्यवहारबाट प्रभावित भएका बालबालिकाहरू, बलात्कार तथा यौन दुर्व्यवहारबाट प्रभावित भएका बालबालिकाहरू र घरेलु श्रमिक बालबालिकाहरूलाई उद्धार, मनोविमर्श सेवा, कानुनी सहायता तथा पारिपारीक पुनर्एकीकरण सहायता प्रदान गर्दछ । बालचौतारी कक्षामा आएका वा नआएका घरेलु बालश्रमिकहरूलाई हेल्प लाई सेवा उपलब्ध गराउन सहजकर्ताले निम्न कार्य गर्नुपर्दछ :

- सहभागी बालबालिकाहरूलाई सिविस हेल्पलाईन सेवा र यसबाट प्राप्त हुने सहायताहरूको बारेमा जानकारी गराउने ।
- हेल्पलाईन सेवा आवश्यक भएका बालबालिकाहरूको तोकिएको फारम भरी सम्बन्धित सामाजिक परिचालक मार्फत् वा प्रत्यक्ष रूपमा हेल्पलाई सेवा लाई उपलब्ध गराउने ।
- हेल्पलाइन सेवाको लागि सिफारिस गरिएको घरेलु श्रमिक बालबालिकासँग आवश्यक प्रक्रिया अगाडि बढाउनका लागि हेल्पलाई सेवाका कर्मचारीसँग सहकार्य गर्ने ।

## विविध

यस कार्यक्रमको बारेमा थप जानकारी आवश्यक भएमा सम्बन्धित सामाजिक परिचालक, जिल्ला परियोजना अधिकृत, तथा सिविसका कार्यक्रम व्यवस्थापकसँग निम्न ठेगानामा सम्पर्क राख्न सकिन्छ :

समाजसेवा तथा मानवअधिकारमा महिला तथा बालबालिका
बुद्धनगर, काठमाडौं
फोन नः ०१४७८४५४५, ०१४७८१३८६, ०१४७८०४४६
पो.ब.नं. २१४३३
इमेल : info@cwish.org.np
हेल्पलाइन नं. : १६६००११००००

# खण्ड २ : सत्र योजना तथा निर्देशिका

## सत्र १ : परिचय, स्वागत र आचारसंहिता निर्माण

उद्देश्य :

- कक्षाका सहभागीहरूमाझ एकआपसको परिचय, कार्यक्रमबारे जानकारी र आचारसंहिता निर्माण भई लागू हुनेछ ।

अपेक्षित उपलब्धी :

- बाल चौतारी कक्षामा सहभागी बालबालिकाहरूले एक आपसको परिचय प्राप्त गर्नेछन् ।
- सहभागीहरूले बाल चौतारी कक्षा तथा उपलब्ध सेवा सुविधाहरूको बारेमा जानकारी प्राप्त गर्नेछन् ।
- बाल चौतारी कक्षाका सहभागीहरू आफैँले आचारसंहिताको निर्माण गरी लागू गर्नेछन् ।

**विधि :**

- प्रश्नोत्तर
- सामुहिक छलफल
- टिपोट
- प्रस्तुतीकरण
- खेल

**सन्दर्भ सामग्री**

- कक्षा सञ्चालन हुने समय लेखिएको न्यूजप्रिन्ट
- कक्षाको उद्देश्य लेखिएको न्यूजप्रिन्ट

**अन्य सामग्री**

- मार्कर
- पेपर टेप
- न्यूजप्रिन्ट (*विद्यालय स्तरको कक्षाको लागि आचारसंहिता निर्माण गरेपछि फ्लेक्समा प्रिन्ट गरी कक्षामा टाँस्नु पर्दछ ।*)

**क्रियाकलाप**

- सहभागी बालबालिकाहरूलाई गोलाकार भएर उभिन लगाउने ।
- सबै सहभागीहरू गोलाकार भएर उभिए पछि सबैले सबैलाई एक पटक हेर्न लगाउने ।
- त्यसपछि सबैलाई आँखा बन्द गरेर उभिइरहन भन्ने ।
- आँखा चिम्लिएकै अवस्थामा सहजकर्ताले तल दिइएका जस्ता केही प्रश्नहरू सोध्ने । जुन सहभागीलाई सो प्रश्नको उत्तर आउँछ उसले हात उठाउनु पर्छ । जसले पहिले हात उठाउँछ उसको निधारमा सहजकर्ताले छुनुपर्छ र त्यसले उत्तर दिन पाउँछ ।
    - हामी जम्मा कति जना छौँ ?
    - हामी गोलाकार भएर उभिएका मध्ये कति जना केटा र कति जना केटी छौँ ?
    - कति जनाले टी सर्ट लगाएको छ ?
    - पेन्ट लगाउनेको संख्या चाहिँ कति जना छ ?
    - जम्मा सहभागीमा पेन्ट लगाउने सहभागी घटाउँदा कति हुन्छ ?

- माथिका प्रश्नहरू सोधिसकेपछि सहभागीलाई आफ्नो आँखा खोल्न लगाउने र अघि आफूले दिएको उत्तर सहि वा गलत भएको पहिचान गर्न भन्ने ।
- त्यसपछि सहभागीहरूलाई साथीको बारेमा के के कुरा थाहा पाउने भनी सोध्ने । सहभागीले भनेका कुराहरू न्यूजप्रिन्टमा टिप्ने ।
- सबै सहभागीले सबैसँग हात मिलाएर चिनजान गर्न लगाउने । चिनजान गर्दा न्यूजप्रिन्टमा लेखिएका कुराहरू थाहा पाउन एक अर्कालाई प्रश्न गर्नुपर्ने कुरा बताउने ।
- सबैले सबैसँग हात मिलाएर चिनजान गरिसकेपछि आफ्नो आफ्नो स्थानमा बस्न लगाउने ।
- सहजकर्ताले बालचौतारी कक्षाको उद्देश्य, सञ्चालन हुने समय, यसको प्रक्रिया आदिको बारेमा सहभागीलाई स्पष्ट पार्ने ।

**आचारसंहिताको लागि क्रियाकलाप**

- बालचौतारी कक्षा सञ्चालन हुने समयमा के गर्ने र के नगर्ने भन्ने बारेमा हामी आफैँ आफ्नो लागि नियम बनाउँ भनी सहभागी सँग सहमती लिने ।
- सहजकर्ताले दुई ओटा न्यूजप्रिन्ट भित्तामा टाँस्ने । न्यूजप्रिन्टमा एउटा के गर्ने ? र अर्कोमा के नगर्ने ? भनेर लेख्ने ।
- सहभागीहरूलाई कक्षामा आएपछि र आउनु अघि के के कुरा गर्ने र के के कुरा नगर्ने भन्ने प्रश्न गर्ने र सहभागीले भने अनुसार भाषा सम्पादन गरी न्यूजप्रिन्टमा लेख्ने ।
- यसरी आचारसंहिता निर्माण गर्दा सहजकर्ताले निम्न कुराहरूमा ध्यान दिनु पर्छ ।
    - सहभागीले भनेको कुराहरू कुनै व्यक्ति विषेश, जाति वा समुदायलाई केन्द्रित गरेको रहेछ भने त्यसलाई सामान्यीकरण गरी लेख्नु पर्छ ।
    - बालबालिकाका सर्वोत्तम हितलाई ध्यानमा राखी आचारसंहिता निर्माण गर्न सहजीकरण गर्नुपर्छ ।
    - बालबालिकाको दैनिक जीवनलाई सकारात्मक प्रभाव पार्ने आचारसंहितालाई प्रोत्साहन दिनुपर्छ ।
    - बालबालिकाका भावना, विचारको गोपनियताको सुनिश्चितता गर्नुपर्छ ।
    - बालबालिकाहरू एक अर्कालाई सम्मान गर्ने वातावरणको सृजना गर्नुपर्छ ।
    - बोल्न नसक्ने वा कम बोल्ने अथवा साना उमेरका बालबालिकाहरूको विचार नआएमा उनीहरूलाई बोल्नका लागि प्रोत्साहन गर्ने । वा आएका बुँदाहरूमा सहमती लिने ।

*नोट : आचारसंहिता निर्माण गर्ने समयमा सबै सहभागी उपस्थित नभएका पनि हुन सक्छन् वा आचारसंहिता निर्माण गरे पश्चात् कुनै नयाँ बालबालिकाहरूको सहभागिता हुन सक्छ । त्यस्तो अवस्थामा पहिले बनेको आचारसंहितामा सहमती गराई अन्य कुनै थप गर्नु पर्ने कुरा भए राय लिई अन्य सहभागीसँग समेत परामर्श गरी सम्बन्धीत बालबालिकाको रायलाई समेत आचारसंहितामा थप गर्न सकिनेछ ।*

सहजकर्ताले दिने सन्देश :

- बाल चौतारी कक्षाको परिचय, यहाँ छलफल गरिने विषयवस्तुको बारेमा सहभागीलाई जानकारी गराउने
- बाल चौतारी कक्षामा सहभागी बालबालिकाहरूको लागि उपलब्ध हुन सक्ने तथा उपलब्ध गराउन नसकिने सेवा तथा सुविधाको बारेमा जानकारी गराउने ।

- बालचौतारी कक्षाका सबै सहभागीहरू समान हुन । र सबैले एकआपसको सम्मान र समझदारी गर्नुपर्दछ । कसैले पनि एक अर्कालाई हानी हुनसक्ने व्यवहार वा बोली व्यक्त गर्नु हुदैन ।

| सहजकर्ताको लागि आचारसंहिताको नमूना | |
|---|---|
| के गर्ने ? | के नगर्ने ? |
| • बालचौतारी कक्षा सुरु हुने समय भन्दा ५ मिनेट अगाडि नै कक्षामा आइपुग्ने । विशेष कारणवस आउन नसक्ने भएमा सहजकर्तालाई सूचना गर्ने ।<br>• साथीहरू माझ मित्रता बढाउने, एकअर्काको कुरा सुन्ने र सम्मान गर्ने ।<br>• कक्षामा सक्रियतापूर्वक सहभागी हुने ।<br>• आफूले थाहा भएका उपयोगी कुराहरू अरूलाई पनि भन्ने ।<br>• अरू साथीहरूलाई पनि आफ्ना अनुभव र थाहा पाएका उपयोगी कुराहरू राख्नका लागि प्रोत्साहन गर्ने ।<br>• साथीहरूको वा सहजकर्ताले राखेका कुराहरूमा फरक विचार भएमा सभ्य र नम्र भाषामा आफ्नो विचार राख्ने ।<br>• कक्षामा छलफल भएका र साथीहरूले भनेका गुनासो तथा उजुरीहरूलाई गोप्य राख्ने ।<br>• आफूलाई वा आफ्ना साथीहरूलाई अप्ठेरो परेका कुराहरू नडराई सहजकर्तालाई जानकारी गराउने ।<br>• समस्या परेमा वा आफू वा आफ्नो साथी माथि हिंसा, दुर्व्यवहार भएको थाहा भएमा नजिकैको प्रहरी वा सिविस हेल्पलाइन १६६००११०००० मा खबर गर्ने । | • कक्षामा आउन ढिला नगर्ने ।<br>• साथीहरूसँग झैझगडा नगर्ने ।<br>• साथीहरूको अनुभव, समस्याहरू सुनेर सहानुभूति तथा होच्याउने वा जिस्काउने काम नगर्ने ।<br>• जात, लिंग, भाषा, धर्म, सम्प्रदायका आधारमा साथीहरूमाझ भेदभाव नगर्ने ।<br>• कुनै साथीले कसैलाई नभन्नु भनी भनेका कुराहरू अरूलाई नसुनाउने ।<br>• आफूलाई अप्ठेरो परेको वा समस्या भएको कुरा नलुकाउने ।<br>• अरूलाई हानी हुन सक्ने वा नराम्रो लाग्ने शब्दहरूको प्रयोग तथा व्यवहार नगर्ने । |

**बालचौतारी कक्षामा सहभागी बालबालिकाहरूका लागि उपलब्ध हुन सक्ने कुराहरूको सूचि**

शैक्षिक सामग्रीहरू

- कापी
- पेन्सिल

- इरेजर
- आवश्यक पुस्तकहरू
- कलर पेन्सिल

यसका अतिरिक्त

- मनोविमर्श सेवा
- प्राथमिक उपचार सेवा

विद्यालयमा आधारित सहयोगी कक्षाका लागि उपलब्ध हुन सक्ने सेवाहरू

शैक्षिक सामग्रीहरू

- कापी
- डटपेन
- इरेजर
- आवश्यक पुस्तकहरू
- कलर पेन्सिल

यसका अतिरिक्त

- मनोविमर्श सेवा
- प्राथमिक उपचार सेवा

सहजकर्ताले भर्नुपर्ने

- यस सत्र सञ्चालनका क्रममा भएका सहजता एवम् राम्रा कुराहरू

- सत्र सञ्चालनका क्रममा भएका असजिला प्रक्रियाहरू

- तपाईले अपनाउनु भएको  नयाँ प्रक्रिया तथा विधि

## सत्र २ : म को हुँ

**उद्देश्य :**

सहभागीहरूले एक आपसको अवस्थाको समानता र फरकपना पहिचान गरी घरेलु बालश्रमको अवस्था पहिल्याउने छन् ।

**अपेक्षित उपलब्धी :**

- सहभागी बालबालिकाहरूले आफ्नो व्यक्तिगत वर्तमान अवस्था र परिवेशको चित्रण गर्नेछन् ।
- सहभागीहरूले एक आपसका समस्याहरूको समानताहरू पहिचान गर्नेछन् ।

**विधि**

- मस्तिष्क मन्थन
- नक्साङ्कन
- प्रस्तुतीकरण
- ब्याख्या

**सामग्री**

- न्यूजप्रिन्ट
- साइनपेन
- मार्कर
- पेपर टेप
- पेन्सिल
- डटपेन

**क्रियाकलाप :**

- सहभागीहरू आफ्नो बारेमा सम्झन लगाउने । यसरी आफ्नो बारेमा सम्झदा आफ्नो वर्तमान अवस्था र परिवेशको बारेमो सोच्न भन्ने ।
- सहभागीहरूमध्ये साक्षर (लेख्न सक्ने) बालबालिकाहरू र निरक्षर (लेख्न नसक्ने) बालबालिकाहरूको छुट्टा छुट्टै समूह विभाजन गर्ने ।
- लेख्न जान्ने समूहका प्रत्येक सहभागीहरूलाई एक एक ओटा न्यूजप्रिन्ट र मार्कर उपलब्ध गराउने र निम्न प्रश्नहरूको उत्तरहरूलाई नक्साङ्कन गरी प्रस्तुत गर्न लगाउने ।
- लेख्न नजान्ने समूहका सहभागीहरूलाई सहजकर्ताले सहजीकरण गर्दै एउटै न्यूजप्रिन्टमा उनीहरूको विचार नक्साङ्कन गर्ने ।
- नक्साङ्कनका लागि प्रश्नहरू
  - आफ्नो परिचय (नाम, उमेर, ठेगाना)
  - मेरो परिवारमा को को हुनुहुन्छ ?
  - म के के काम गर्छु ?
  - म बस्ने ठाउँमा को को हुनुहुन्छ ?
  - मलाई भविष्यमा के बन्ने मन छ ?
  - मलाई मन पर्ने कुराहरू (काम, व्यक्ति, समय, साथी, आदि)
  - मलाई मन नपर्ने कुराहरू (काम, व्यक्ति, समय, साथी, आदि)
  - मेरो जीवनको सबैभन्दा रमाइलो समय
  - मेरो जीवनको सबैभन्दा दुःख लाग्ने समय

नक्साङ्कन तल देखाइएको जस्तो हुनसक्छ :




जब म आफ्नो बारेमा लेख्न थाल्छु, त्यो बेलामा मलाई एकदमै रमाइलो लाग्छ । कहिले काहीँ सबै घरको मान्छेहरु मिलेर कुराकानी गर्दा पनि रमाइलो लाग्छ । तर, मलाई सबै भन्दा रमाइलो चाहिँ आफ्नो घर गएर बुवा आमासँग भेट्दा लाग्छ ।
तर, जब म आफू बुवा आमासंग छुट्टिएर यहां आएर काम गर्न बसेको समय सम्झिन्छु अनि मलाई धेरै नरमाइलो लाग्छ । त्यो बेलामा मैले किन शहर जान्न भनेर नभनेको होला जस्तो लाग्छ ।
तर, जेभए पनि, म आफ्नै घर फर्कन्छु र स्कुल पढ्छु । पछि म असल मान्छे बन्ने मेरो लक्ष्य पढेर मात्र पूरा हुन्छ र त्यो अवसर मैले आफ्नै घर गएर मात्र पाउँछु भन्ने बुझेको छु ।

लेख्न नसक्ने सहभागीहरूको लागि छलफलको लागि सहजकर्ताले तल दिइएको ढाँचामा लेखेर सहयोग गर्न सक्छ :

| सहभागीको नाम, उमेर, ठेगाना | परिवारमा को को हुनुहुन्छ ? | म के के काम गर्छु ? | म बस्ने ठाउँमा को को हुनुहुन्छ ? | मलाई मन पर्ने कुराहरू (काम, व्यक्ति, समय, साथी, आदि) | मलाई मन नपर्ने कुराहरू (काम, व्यक्ति, समय, साथी, आदि) | मेरो जीवनको सबैभन्दा रमाइलो समय | मेरो जीवनको सबैभन्दा दु:ख लाग्ने समय | मलाई भविष्यमा के बन्ने मन छ ? |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

- नक्साङ्कन भइसकेपछि सबै सहभागीहरूलाई आफ्नो नक्साको कुरा संक्षिप्तमा भन्न लगाउने ।
- अन्त्यमा सहजकर्ताले बालबालिकाको अधिकार, बालश्रम, घरेलु बालश्रम, परिवारसँग बस्न पाउने अधिकारको बारेमा तथ्य सहित संक्षित जानकारी गराउने र घरेलु बालश्रमिकहरूको वर्तमान अवस्थामा बालअधिकारको हनन् भइरहेकोले यसले श्रमिक बालबालिकाहरूलाई भविष्यमा हित गर्न नसक्ने जानकारी दिने ।

**सहजकर्ताले दिने सन्देश :**

घरेलु बालश्रमिकहरूले बालबालिकाले पाउनुपर्ने धेरै अधिकारहरू गुमाएर जोखिमपूर्ण जीवन बिताउन बाध्य भइरहेका छन् । यो कानुनी रूपमा निषेध गरिएको छ ।

सहजकर्ताको लागि

हाम्रो देशको शहरी क्षेत्रमा मात्र ५६ हजार बालबालिकाहरू घरेलु श्रममा संलग्न रहेका छन् । ती सबै बालबालिकाहरू कुनै न कुनै कारणले घरेलु श्रममा संलग्न हुनु परेको हो । घरेलु श्रममा संलग्न भएकै कारण धेरै बालबालिकाहरूले शिक्षा, स्वास्थ्य, मनोरञ्जन जस्ता आधारभूत अधिकारहरूबाट भएका छन् । अधिकारहरूबाट बञ्चित भएकै कारण उनीहरूको व्यक्तित्व विकासमा अवरोध पुगिरहेको छ । उनीहरूको सामाजिक सम्बन्ध विस्तार हुन नसक्नु, शैक्षिक विकास हुन नसक्नु, विभिन्न गतिविधिहरूमा सहभागी हुन नपाउनुले आफ्नो समस्या व्यक्त गर्न नसक्नुले उनीहरूको भविष्य पनि जोखिममा पर्न सक्ने खतरा रहेको छ ।

सहजकर्ताले भर्नुपर्ने

- यस सत्र सञ्चालनका क्रममा भएका सहजता एवम् राम्रा कुराहरू

- सत्र सञ्चालनका क्रममा भएका असजिला प्रक्रियाहरू

- तपाईले अपनाउनु भएको  नयाँ प्रक्रिया तथा विधि

## सत्र : ३ : मेरो गाउँघर

**उद्देश्य :**

सहभागीहरूले विगतमा गाउँमा पाएका अवसर र अप्ठेराहरूको विश्लेषण गर्दै ग्रामिण जीवनको सकारात्मक पक्षको पहिचान गर्नेछन् ।

**अपेक्षित उपलब्धी :**

- सहभागीहरूले आफ्नो गाउँमा भएका सबल पक्षहरूको पहिचान गर्नेछन् ।
- सहभागीहरूले गाउँमा फर्किएर जाँदा पाउन सकिने अवसरहरूको खोजी गर्नेछन् ।

**विधि**

- छलफल
- व्याख्या
- टिपोट
- प्रस्तुतीकरण

**सामग्री**

- न्यूजप्रिन्ट
- मार्कर
- साइनपेन
- पेपरटेप

**क्रियाकलाप :**

- सहभागीहरूमध्ये साक्षर (लेख्न सक्ने) बालबालिकाहरू र निरक्षर (लेख्न नसक्ने) बालबालिकाहरूको छुट्टा छुट्टै समूह विभाजन गर्ने ।
- लेख्न जान्ने सहभागीको समूहलाई एक एक ओटा न्यूजप्रिन्ट र मार्कर दिने र गाउँमा पाएका अवसर र समस्याहरू तथा शहरमा पाएका अवसर र समस्याहरूलाई छलफल गरी टिपोट गर्न लगाउने ।
- लेख्न नजान्ने सहभागीहरूको समूहमा सहजकर्ताले छलफल चलाई टिपोट गरिदिने ।
- दुवै समूहले छलफलका आधारमा तयार भएको टिपोटलाई प्रस्तुत गर्न लगाउने ।
- अन्तमा सहजकर्ताले गाउँमा पनि शहरमा जस्तै अवसरहरू उपलब्ध हुन सक्छन् । शहरमा पनि गाउँमा जस्तै वा अझ बढि समस्याहरू भोग्नुपर्ने हुन सक्छ । त्यसैले ग्रामिण जीवनमा थोरै समस्याहरू भए पनि शहरी श्रमिक जीवन भन्दा उत्कृष्ट हुन सक्छ भन्ने सन्देश सहित शहर र गाउँको जीवन शैलीका सकारात्मक र नकारात्मक पक्षहरूका बारेमा सहभागीलाई बुझाउने ।

**सहजकर्ताले दिने सन्देश :**

- विगतमा गाउँमा समस्याहरू भएका भएतापनि हाल अवसरहरू उपलब्ध छन्, त्यसैले शहरी श्रमिक जीवन भन्दा बालअधिकार सहितको गाउँले जीवन नै राम्रो हुन्छ ।

**सहजकर्ताको लागि**

| शहरी र ग्रामिण जीवनका सकारात्मक तथा नकारात्मक पक्षहरू | | | |
|---|---|---|---|
| ग्रामिण जीवन | | शहरी जीवन | |
| सकारात्मक पक्ष | नकारात्मक पक्ष | सकारात्मक पक्ष | नकारात्मक पक्ष |
| समान अवसर पाइने | अवसरहरू सिमित हुने । | प्रशस्त अवसरहरू पाइने । | अवसरहरूबाट बञ्चित हुनुपर्ने । |
| पढ्ने अवसर पाइन्छ | विद्यालय टाढा हुन्छ | विद्यालय नजिक छ | नियमित विद्यालय जान पाइदैन |
| विद्याल जान पाइन्छ | ट्युसन कोचिङ्ग पढ्ने ठाउँ अलि टाढा छ । | विद्यालय जान पाइन्छ | विद्यालयमा सिकेको कुरा घरमा अभ्यास गर्ने समय हुदैन |
| स्वच्छ वातावरण छ त्यसैले हतपत रोग लाग्दैन | रोग लागेमा अस्पताल टाढा छ । | अस्पताल नजिकै छ | स्वच्छ वातावरण नभएको कारण बिरामी परिरहने खतरा छ । बिरामी परेको बेला अस्पताल जान पाइदैन वा लगिदैन । |
| सीप विकासको लागि मात्र काम गर्दा हुन्छ । | कहिले काहीं बढि नै काम गर्नु पर्ने हुन सक्छ । जस्तै : बर्खे खेती, मंसीरमा धान थन्क्याउन । | काम गर्ने ठाउँहरू प्रशस्तै पाइन्छ । | बाँच्नको लागि श्रम गर्नैपर्ने र प्राय जसो बिहान सबेरै देखि बेलुका अबेर सम्म काम गर्नुपर्ने । |
| सामाजिकीकरणको अभ्यास गर्न पाइन्छ । | अवसरहरू सिमित हुन्छन् । | घरहरू प्रशस्तै हुने भएकोले धेरै मान्छेहरूसँग चिनजान हुन सक्छ । | कामले फुर्सद नहुने हुँदा सामाजिकीकरणको अभ्यास गर्ने अवसर पाइदैन । |
| समस्या परेको बेलामा छरछिमेकबाट सरसहयोग प्राप्त हुन्छ । | छिमेकीहरू टाढा हुन्छन् । | सुविधाको उपभोग गर्न टाढा जानु पर्दैन । | छिमेकीहरू चिनेका हुदैनन् । शहरमा बस्ने प्राय : मान्छेहरूले अरूको वास्ता गर्दैनन् । |
| परिवारसँग बस्न पाइने । | कहिले काहीं बाबुआमाको गाली पनि खानु पर्नेहुन्छ । | | परिवारबाट टाढा रहनु पर्ने र बारम्बार रोजगारदाताले गाली तथा कुटपीट गर्ने । |
| सामान्य गल्ती भएमा सुधार गर्नका लागि सुझाव पाइने । | | | सामान्य गल्ती भएमा ठूलो सजाय भोग्नु पर्ने । |
| आफ्नो विकास गर्नका लागि रचनात्मक सुझाव पाइने । | | | व्यक्तित्व विकासको लागि अवसरहरू नपाइने । |

सहजकर्ताले भर्नुपर्ने

- यस सत्र सञ्चालनका क्रममा भएका सहजता एवम् राम्रा कुराहरू

- सत्र सञ्चालनका क्रममा भएका असजिला प्रक्रियाहरू

- तपाईले अपनाउनु भएको  नयाँ प्रक्रिया तथा विधि

## सत्र : ४ : मेरो परिवार मेरो समाज

उद्देश्य : सहभागीहरूले आफ्नो परिवारको आर्थिक एवम् सामाजिक अवस्था, पारिवारीक अवस्थाको बारेमा विश्लेषण गर्दै परिवारको सकारात्मक पक्षहरूको बारेमा पहिचान गर्नेछन् ।

अपेक्षित उपलब्धी :

- सहभागीले आफ्नो परिवारको सवल पक्षहरूको पहिचान गर्नेछन् ।
- सहभागीहरूले परिवारमा रहँदा पाउन सकिने अवसर एवम् राम्रा पक्षहरूको सूचि तयार गर्नेछन् ।

विधि :

- सहमत असहमत खेल
- ब्याख्या

सामग्री :

- सहमत र असहमत लेखिएको मेटाकार्ड
- पेपर टेप
- सहमत र असहमतका वाक्यहरू

क्रियाकलाप :

- सबै सहभागीलाई आफ्नो गाउँको घर, छरछिमेक, इष्टमित्र, बगैंचा, खेल्ने ठाउँ, विद्यालय आदिलाई सम्झदै घरमा वा गाउँमा रहेका साथीलाई पठाउन एउटा चिठ्ठी लेख्न लगाउने ।
- सबै सहभागीलाई आफ्नो परिवार वा समाजमा भएको २ ओटा राम्रा कुराको टिपोट गर्न लगाउने ।
- आफूले लेखेका मध्येबाट सबै सहभागीलाई पालैपालो एक एक ओटा राम्रा कुरा भन्न लगाउने र सहजकर्ताले ती कुराहरू न्यूजप्रिन्टमा टिप्दै जाने ।
- लेख्न नसक्ने सहभागीसँग सहजकर्ताले छलफल गरी टिपोट गर्ने ।
- सहजकर्ताले कक्षा कोठाको एक पट्टि सहमत र अर्को पट्टि असहमत लेखिएको मेटाकार्ड टाँस्ने ।
- सहभागीलाई अब हामी आफ्नो घर परिवारको बारेमा छलफल गर्ने भनी तयार रहन लगाउने ।

- सहजकर्ताले तल दिइएका वाक्यहरू सबै सहभागीले बुझ्ने गरी पढ्ने र सो कुरामा सहमत भए सहमत लेखिएको स्थानमा गएर उभिन भन्ने र असहमत भए असहमत लेखिएको स्थानमा गएर उभिन लगाउने ।
- सहजकर्ताले पुनः सहभागीलाई ती वाक्यमा किन सहमत ? सहमत र किन असहमत ? भनि प्रश्न गर्ने । सबै सहभागीले आफ्नो आफ्नो राय राखिसके पछि पुनः अर्को वाक्य पढ्न थाल्ने ।
- सहमत असहमत खेल खेलिसकेपछि सबै सहभागीलाई पालै पालो आफ्नो घर र परिवारको राम्रा एवम् सवल पक्षको बारेमा भन्न लगाउने ।

| सहमत असहमत खेलका लागि परिवारसँग सम्बन्धीत केही वाक्यहरू<br><br>(सहजकर्ताले बालबालिकाको परिवारसँग सम्बन्धीत यहाँ उल्लेख भए भन्दा थप कुराहरूको बारेमा पनि सहमत र असहमत खेल खेलाउन सकिनेछ) |
|---|
| • मेरो परिवारका सदस्यहरूले मलाई माया गर्नुहुन्छ ।<br>• मेरो परिवारको आर्थिक अवस्था कमजोर वा अन्य कुनै कारण नहुने हो भने म गाउँमा नै विद्यालय गइरहेको हुने थिएँ ।<br>• मेरो परिवार रहेको गाउँ राम्रो र रमाइलो छ ।<br>• म परिवारमा बस्दा गाउँमा रहेका धेरै साथीहरूसँग रमाइलो खेलहरू खेल्ने गर्थें ।<br>• मेरो परिवार रहेको घरबाट विद्यालय नजिकै छ । टाढा भएता पनि विद्यालयमा धेरै मिल्ने साथीहरू थिए ।<br>• मेरो परिवारमा दशैं तिहार जस्ता चाड पर्वमा धेरै रमाइलो हुन्छ ।<br>• |

**सहजकर्ताले दिने सन्देश**

हामी सबैको परिवार छ र परिवारमा विविध समयमा विभिन्न कुराहरू प्राप्त गर्न सकिन्छ । जसको परिवार छैन उसले आफ्नो समाजमा ती अवसरहरू प्राप्त गरी आफ्नो जीवनयापन गर्दै अधिकारहरूको अपभोग गरिरहेको हुन्छ ।

सहजकर्ताले भर्नुपर्ने

- यस सत्र सञ्चालनका क्रममा भएका सहजता एवम् राम्रा कुराहरू

- सत्र सञ्चालनका क्रममा भएका असजिला प्रक्रियाहरू

- तपाईले अपनाउनु भएको  नयाँ प्रक्रिया तथा विधि

## सत्र ५ : मेरो जीवनयात्रा

**उद्देश्य :**

सहभागी बालबालिकाहरूले आफू श्रमिक हुनुपर्ने कारण, प्रक्रिया र मध्यस्थकर्ताको बारेमा बताउनेछन् ।

**अपेक्षित उपलब्धी :**

- सहभागी बालबालिकाहरूको व्यक्तिगत रूपमा श्रमिक हुनुपर्ने कारण, संलग्न व्यक्तिहरूको बारेमा पहिचान हुनेछ ।

**विधि**

- मस्तिष्क मन्थन
- टिपोट
- प्रस्तुतीकरण
- छलफल

**सामग्री**

- मार्कर
- साइनपेन
- न्यूजप्रिन्ट
- पेपर टेप

**क्रियाकलाप :**

- सहभागीहरूलाई एक पटक आफ्नो आफ्नो पुराना कुराहरू सम्झन लगाउने । यसरी सम्झदा काम गर्नका लागि गाउँबाट शहरसम्म कसरी आइपुगियो ? के कारणले ? कसले सहयोग गर्‍यो ? र सुरूका दिनहरू कस्ता थिए ? जस्ता विषयमा सोच्न लगाउने ।
- सहभागीहरूमध्ये साक्षर (लेख्न सक्ने) बालबालिकाहरू र निरक्षर (लेख्न नसक्ने) बालबालिकाहरूको छुट्टा छुट्टै समूह विभाजन गर्ने ।
- लेख्न जान्ने सहभागीहरूका लागि एक एक ओटा न्यूजप्रिन्ट र मार्कर दिने र आफ्नो जीवनरेखालाई ( कामका लागि गाउँ देखि शहरसम्मको यात्रा) न्यूजप्रिन्टमा रेखांकन गर्दै उल्लेखनीय कुराहरू लेख्न लगाउने । जस्तै : शहर जाने विचार कसरी आयो ? शहर कोसँग आइयो ? काममा संलग्न हुने सवालमा आफूसँग कुनै सल्लाह भएको थियो वा थिएन ? आदि ।
- लेख्न नजान्ने सहभागीहरूका लागि प्रत्येकले आफ्नो जीवनरेखा मौखिक रूपमा भन्न लगाउने र सहजकर्ताले तल उल्लेखित ढाँचामा टिपोट गर्ने :

| नाम | घर छोडेको दिन | कामको लागि घर छोड्नु पर्ने कारण | शहर सम्मको यात्रा | साथ दिने व्यक्ति | शहरमा सुरूका दिनहरू | हालको अवस्था | भविष्यको सोच |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |

- सहभागीहरूमध्येबाट केहीलाई माथि उल्लेख गरिएको विषयहरू संक्षिप्तमा भन्न लगाउने ।
- अन्तमा सहजकर्ताले घरेलु बालश्रममा संलग्न बालबालिकाहरूको श्रममा संलग्न हुनुपर्ने कारण, संलग्न गराउने व्यक्ति, घरेलु श्रमिक बालबालिकाहरूको अनुभव आदिको तथ्य सहित जानकारी दिने र बालश्रमका कारणहरूलाई सम्बोधन गर्ने के कस्ता कार्यक्रमहरू गाउँमा उपलब्ध होलान् भन्ने विषयको जानकारी दिने ।

| बालश्रमलाई रोक्ने तथा फर्काउन सकिने सरकारी एवम् गैह्र सरकारी परियोजनाहरू | | |
|---|---|---|
| समस्या वा कारण | उपलब्ध कार्यक्रम | थप जानकारी |
| गाउँमा विद्यालय शिक्षा लिन समस्या भएकै कारण शहर आउनु पर्ने बाध्यता | ●नेपाल सरकारले प्राथमिक शिक्षा नि:शुल्क गरेको छ ।<br>● | |
| परिवारको आर्थिक अवस्था कमजोर हुनु | ●नेपाल सरकारको नीति अनुसार गा.वि.स. तथा जि.वि.ले गरिब वा विपन्न परिवारको लागि आयआर्जनको कार्यक्रम सञ्चालन गर्न बजेटको विनियोजन गर्ने व्यवस्था गरेको छ । | |
| वैकल्पिक आयआर्जनको स्रोत नहुनु | ●सरकारी तथा गैह्र सरकारी संस्थाहरूले लक्षित समूहका लागि आय आर्जनका कार्यक्रमहरू सञ्चालन गरिरहेको छ । | |
| बालश्रम शोषण | ●घर फर्कन चाहने बालबालिकाहरूको लागि घरमा पुनर्एकीकरणको लागि गा.वि.स., जिल्ला बालकल्याण समिति र स्थानीय संघसंस्थाहरूले सहयोग गर्ने । | |

**सहजकर्ताले दिने सन्देश** :

- विभिन्न समस्या र कारणहरूबाट बालबालिकाहरू घरेलु श्रममा संलग्न हुन आइपुगे पनि ती समस्या र कारणहरू लाई समाधान गर्न सकिन्छ र नेपाल सरकार तथा गैह्र सरकारी संघसंस्थाहरूले यस क्षेत्रमा विभिन्न कार्यक्रमहरू सञ्चालन गरिरहेका छन् ।

सहजकर्ताले भर्नुपर्ने

- यस सत्र सञ्चालनका क्रममा भएका सहजता एवम् राम्रा कुराहरू

- सत्र सञ्चालनका क्रममा भएका असजिला प्रक्रियाहरू

- तपाईले अपनाउनु भएको  नयाँ प्रक्रिया तथा विधि

## सत्र : ६ : मैले के पाएँ ? के पाइन ?

**उद्देश्य :**

सहभागी बालबालिकाहरूले श्रममा संलग्न हुँदाको अपेक्षा पूरा भएको नभएको विश्लेषण गर्नेछन् ।

**अपेक्षित उपलब्धी :** सहभागी बालबालिकाहरूले श्रममा संलग्न हुने समयमा देखाइएका आशाहरू र श्रममा संलग्न भएपछिको वास्तविक अवस्था बीचको असमानताहरूको पहिचान गर्नेछन् ।

**विधि**

- मस्तिष्क मन्थन
- टिपोट
- प्रस्तुतीकरण
- व्याख्या

सामग्री

- बालबालिकाले पाउनु पर्ने अधिकार, पाएका अधिकार र गुमाएका अधिकार लेखिएको न्यूजप्रिन्ट
- A4 size पेपर (फोटो कपि पेपर)
- न्यूजप्रिन्ट
- मार्कर

**क्रियाकलाप**

- सहभागीलाई आफूले गाउँबाट शहरमा आउँदा गरेको अपेक्षा र पाएको अवसरहरूको बारेमा एकछिन सम्झन लगाउने ।
- लेख्न सक्ने सहभागीलाई एक एकओटा खाली पानामा शहर आउँदा गरिएको अपेक्षा र प्राप्त गरेको अवसरहरू लेख्न लगाउने ।
- लेख्न नसक्ने सहभागीहरूको लागि तल दिइएको तालिका अनुसार छलफल गरी सहजकर्ताले टिपोट गर्ने ।

| सहभागीको नाम | शहर आउँदा गरिएको अपेक्षा | शहरमा प्राप्त भएको अवसर |
|---|---|---|
| | | |
| | | |
| | | |

- सहजकर्ताले सहभागीहरू सबैलाई हामीले शहर आउँदा गरेका अपेक्षा सबै पूरा हुँदा रहेछन् त ? भनी खुला प्रश्न राख्ने र सहजकर्ताले दिने सन्देश बालबालिकाले बुझ्ने भाषामा भन्ने ।
- सहजकर्ताले बालबालिकाले पाउनुपर्ने न्यूनतम अधिकारहरूको र घरेलु श्रमिक बालबालिकाले पाएका र गुमाएका अधिकारहरूको बारेमा प्रस्तुतीकरण गर्ने र छलफल चलाउने ।

| बालबालिकाले पाउनुपर्ने न्यूनतम अधिकारहरूको | घरेलु श्रमिक बालबालिकाले पाएका अधिकारहरू | घरेलु श्रमिक बालबालिकाले गुमाएका अधिकारहरू |
|---|---|---|
| शिक्षा | शहरसम्मको पहुँच, विद्यालय सम्मको पहुँच | |
| स्वास्थ्य | विभिन्न प्रविधिहरूसम्मको पहुँच ( आंशिक रूपमा) | |
| खेल | भिडियो गेम, लुडो, जस्ता खेल सामग्री सम्मको पहुँच | |
| मनोरञ्जन | | |
| माया तथा ममता | | |
| जीवन उपयोगी सीप | | |
| विभिन्न गतिविधिहरूमा सहभागिता | | |
| सूचना | | |
| हेला तथा दुर्व्यवहारबाट सुरक्षा | | |
| प्राथमिक उपचार | | |
| परिवारसँग बस्न पाउनुपर्ने | | |
| | | |

- अन्तमा सहजकर्ताले घरेलु बालश्रमिक बालबालिकाहरू विभिन्न आशा अपेक्षाहरू राखेर शहर आएपनि ती अपेक्षाहरू पूरा हुदैनन् । बरू न्यूनतम अधिकारहरू समेत गुमाएर जीवन बिताइरहेका हुन्छन् । त्यसैले घरेलु श्रमिक बालबालिकाहरू आफ्नै घर परिवारमा न्यूनतम अधिकारहरूको सुनिश्चितता सहित बस्ने वातावरण विकास हुनु पर्दछ भन्ने जानकारी गराउने ।

- **सहजकर्ताले दिने सन्देश** : श्रममा संलग्न हुँदा वा शहरका बारेमा सोचिएका कल्पनाहरू वास्तविकता भन्दा धेरै फरक हुन्छन् । कल्पना गरे जस्तै शहरी बालश्रमिकको जीवन सुखमय र रमाइलो हुँदैन । त्यसैले अवसरहरूको विकास गाउँमै गर्न सकेमा शहरी बालश्रम भन्दा ग्रामिण जीवन नै उत्तम हो ।

सहजकर्ताले भर्नुपर्ने

- यस सत्र सञ्चालनका क्रममा भएका सहजता एवम् राम्रा कुराहरू

- सत्र सञ्चालनका क्रममा भएका असजिला प्रक्रियाहरू

- तपाईले अपनाउनु भएको  नयाँ प्रक्रिया तथा विधि

## सत्र : ७ : म सँग को को छन् ?

**उद्देश्य :** सहभागी बालबालिकाहरूले संरक्षण र पुनर्स्थापना प्रक्रियामा सहयोगी भूमिका निर्वाह गर्न सक्ने व्यक्ति, संस्था, समूह वा निकायको पहिचान गर्नेछन् ।

**अपेक्षित उपलब्धी :**

- सहभागी बालबालिकाहरूका लागि सहयोगी हुन सक्ने व्यक्ति, संस्था, समूहको सूचि तयार पार्नेछन्
- सहभागी बालबालिकाहरूले सहयोगी व्यक्ति, संस्था वा समूहबाट उपलब्ध हुन सक्ने सहयोगको सूचि तयार पार्नेछन् ।

विधि

- प्रश्नोत्तर
- टिपोट
- नक्साङ्कन
- प्रस्तुतीकरण

सामग्री

- न्यूजप्रिन्ट
- मार्कर
- पेपरटेप

**क्रियाकलाप :**

- सहभागीलाई तपाईँलाई माया गर्ने, तपाईँहरूको हेरबिचार गर्ने र सहयोग गर्ने व्यक्तिहरू (शहरमा र गाउँमा) को को छन् ? भन्ने प्रश्न गर्ने र सोही अनुसारको छुट्टा छुट्टै सूचि तयार गर्न लगाउने ।
- तपाईँलाई सहयोग गर्ने निकायहरू कुन कुन हुन सक्छन् वा छन् भन्ने प्रश्न गर्ने र त्यसको पनि सूचि तयार गर्न लगाउने ।
- सहभागीहरूलाई एक एक ओट न्यूजप्रिन्ट र मार्कर दिने । ती व्यक्ति, समूह वा संस्थाले कसरी सहयोग गरेका थिए र अब कस्तो कस्तो सहयोग गर्न सक्छन् ? भन्ने बारे नक्साङ्कन गर्न लगाउने ।
- नक्साङ्कन पश्चात् त्यसको प्रस्तुती गर्न लगाउने ।
  नक्साङ्कनको नमूना तल दिइए अनुसार हुन सक्छ :



**सहजकर्ताले दिने सन्देश :**

घरेलु श्रमिक बालबालिकाहरू परिवारमा भएका जे सुकै समस्याहरूका कारणले श्रममा संलग्न भएका भएता पनि उनीहरूलाई पूनर्एकीकरण र पूनर्स्थापनामा सहयोग गर्ने व्यक्ति, निकाय, संस्था तथा समूहहरू उपलब्ध छन् । घरेलु श्रमिक बालबालिकाहरूले ती व्यक्ति निकाय, संस्था र समूहहरूमा सम्पर्क गर्न सक्छन् ।

कसले के गर्न सक्छ ?

| सरोकारवाला | अघिल्लो समयमा गरेको सहयोग | अब गर्न सक्ने सहयोग |
|---|---|---|
| रामबहादुर सर | • विद्यालयमा भर्ना गर्न सहयोग गरेको<br>• होमवर्क गर्न सहयोग गरेको<br>• बालक्लबमा सहभागी हुन सहयोग गरेको | • घर फर्केपछि विद्यालय भर्नामा सहयोग गर्न सक्नुहुनेछ ।<br>• घरमा बा आमालाई विद्यालय भर्नाको लागि सम्झाउन सक्नुहुन्छ<br>• अतिरिक्त क्रियाकलापमा सहयोग गर्न सक्नुहुन्छ । |
| गा.वि.स. | • समुदायमा बालक्लब गठन गर्न सहयोग गरेको ।<br>• जन्मदर्ता गरेको । | • घर फर्किन सहयोग गर्न सक्छ ।<br>• विद्यालयमा छात्रवृत्तिको लागि सहयोग गर्न सक्छ । |
| विद्यालय | ??? | ??? |
| प्रहरी | ??? | ??? |
| स्थानीय संस्था | ??? | ??? |

- सहभागीहरू मध्ये केही लाई आफ्नो नक्साङ्कनको बारेमा भन्न लगाउने । सहभागीले बनाएका नक्साङ्कनहरू सहजकर्ताले संकलन गरी बालबालिकाको व्यक्तिगत फाइलमा नत्थी गरी राख्ने ।
- अन्तमा सहजकर्ताले यसरी आफ्ना सहयोगीहरू पहिचान गर्दा कस्तो अनुभव भयो भनी छोटो छलफल चलाउने र सहभागीहरूलाई उनीहरू एक्ला छैनन्, उनीहरूका निम्ती सहयोग गर्ने व्यक्ति, निकायहरू पनि छन् भन्ने सन्देश दिदैँ सेसनको अन्त्य गर्ने ।

सहजकर्ताले भर्नुपर्ने

- यस सत्र सञ्चालनका क्रममा भएका सहजता एवम् राम्रा कुराहरू

- सत्र सञ्चालनका क्रममा भएका असजिला प्रक्रियाहरू

- तपाईले अपनाउनु भएको  नयाँ प्रक्रिया तथा विधि

## सत्र : ८ : भविष्यका लागि लक्ष्य निर्धारण

**उद्देश्य** : सहभागी बालबालिकाहरूले आफ्नो जीवनको आगामी दिनको सम्भावनाको खोजी गर्नेछन् ।

**अपेक्षित उपलब्धी** :

- सहभागी बालबालिकाहरूले आफ्नो लक्ष्य प्राप्तीको लागि आवश्यक पर्ने सहयोग र अवसरहरूको पहिचान गर्नेछन् ।
- सहभागी बालबालिकाहरूले त्यस्ता सहयोग र अवसरहरू श्रमिक हुनुभन्दा परिवारमा रहँदा बढि पाउन सकिने कुरा बुझ्नेछन् ।

**विधि**

- प्रश्नोत्तर
- फारम
- छलफल

**सामग्री**

- लक्ष्य निर्धारण फारम
- कलम

**क्रियाकलाप** :

- सहजकर्ताले सहभागी बालबालिकालाई तल दिइएको प्रश्न गर्ने र त्यसको सूचि तयार गर्न लगाउने ।
    - अहिलेका बालबालिकाहरूले पछि गएर ठूलो भइसकेपछि के कस्ता कामहरू गर्न सक्छन् होला ? वा उनीहरू भविष्यमा के बन्न सक्लान् ? (जस्तै : शिक्षक, ड्राइभर, हजाम, डाक्टर, मेकानिक, व्यापारी, इन्जिनियर, वकील, दर्जी, चित्रकार, मुर्तिकार आदि ।)
- सबै सहभागीले ती कुराहरूको सूचि तयार गरिसकेपछि सहजकर्ताले एउटा खाली न्यूजप्रिन्छ भित्तामा टाँस्ने र आफूले लेखेका मध्ये एक एक ओटा पालै पालो भन्न लगाउने । यसरी भनिरहँदा एउटा भनेको कुरा अर्को नभन्ने भनी पहिल्यै सहमती जुटाउने ।
- सहभागीले भनेका कुराहरू सहजकर्ताले न्यूजप्रिन्टमा टिप्दै जाने ।
- अहिलेका बालबालिकाले भविष्यमा बन्न सक्ने कुराहरूको सूचि तयार भए पछि पुनः सहजकर्ताले 'यी कुराहरू मध्ये हामी के के कुरामा रूची राख्छौँ ?' भन्ने प्रश्न गर्ने र कम्तीमा ५ ओटा छानेर आफ्नो कापीमा टिप्न लगाउने ।
- सबै सहभागीले आफ्नो रूचीको कुरा छनौट गरिसकेपछि पुनः सहजकर्ताले ती ५ ओटा मध्ये आफ्नो क्षमता, आफूसँग भएको स्रोत र रूचीको आधारमा कुनै एकओटा छनौट गर्न लगाउने ।
- सहजकर्ताले पुनः सहभागीलाई आफूले छनौट गरेको त्यो काम गर्न सक्ने मान्छे बन्दा हाम्रो भविष्य राम्रो हुन्छ ? भन्ने प्रश्नमा छलफल गर्ने ।
- यदि त्यसो हो भने तपाईको भविष्यको लक्ष्य त्यही हो त? भन्ने प्रश्न दोहोर्‍याउदै सोध्ने । जसले उनीहरूलाई भविष्यको लक्ष्य निर्धारण गर्न सहज होस् ।
- कहाँ वा को सँग बस्यो भने हामीले अवसरहरूको उपभोग गर्न पाउँछौँ ? भन्ने प्रश्न गर्ने ।

- त्यसपछि सहभागीलाई तल दिइएको तालिका भर्न लगाई आफूले छनौट गरेको लक्ष्यको विश्लेषण गर्न लगाउने

| छनौट गरेको लक्ष्य | छनौट गरेको लक्ष्य हासिल गर्नका लागि के के गर्नुपर्छ ? | त्यसका लागि के कस्ता स्रोत र अवसरहरू चाहिन्छ ? |
|---|---|---|
| | | |
| | | |

**सहजकर्ताले दिने सन्देश :** श्रमिक बालबालिकाहरूले श्रममा संलग्न हुँदा तत्कालै केही फाइदा देखिए पनि दिगो रूपमा भविष्यमा आफूले लक्ष्य प्राप्त गर्नका लागि परिवारमै बस्दा धेरै अवसरहरू प्राप्त गर्न सक्छन् ।

सहजकर्ताले भर्नुपर्ने

- यस सत्र सञ्चालनका क्रममा भएका सहजता एवम् राम्रा कुराहरू

- सत्र सञ्चालनका क्रममा भएका असजिला प्रक्रियाहरू

- तपाईले अपनाउनु भएको नयाँ प्रक्रिया तथा विधि

## सत्र : ९ : अवसर र अवरोध

**उद्देश्य :** सहभागी बालबालिकाहरूले आफ्नो लक्ष्य प्राप्त गर्नका लागि सम्भावित अवसर र अवरोधको विश्लेषण गर्नेछन् ।

**अपेक्षित उपलब्धी :**

सहभागी श्रमिक बालबालिकाहरूले आफ्नो भविष्यको योजनाको लागी के कस्ता अवसरहरू उपलब्ध छन् भन्ने पहिचान गर्नेछन् ।
सहभागी बालबालिकाहरूले आफ्नो भविष्यको लागि के कस्ता अवरोधहरू छन् भन्ने पहिचान गर्नेछन् ।
सहभागीहरूले के भएमा अवरोधहरूलाई न्यूनिकरण गर्न सकिन्छ भन्ने सुझाव दिनेछन् ।

**विधि**

- तालिका छलफल विधि (उपलब्ध अवसर, देखिएको अवरोध र समाधान गर्ने उपाय)
- छलफल
- टिपोट

**सामग्री**

- सहभागीको लक्ष्य

**क्रियाकलाप :**

- अघिल्लो सत्रमा सहभागीले छानेको लक्ष्य सहजकर्ताले पुनः एक पटक सहभागीलाई सम्झन लगाउने ।
- त्यो लक्ष्य हासिल गरेपछि हामीले पाउने अवसरहरूको बारेमा एकपटक पुनः मस्तिष्क मन्थन गर्न लगाउने ।
- त्यो लक्ष्य पूरा गर्दा आउने अवरोधहरू के के हुन सक्छन् भन्ने प्रश्न गर्ने । त्यस्ता अवरोध हरू को को बाट वा के के बाट आउन सक्छ ? भन्ने प्रश्न गर्ने र सहभागीलाई त्यसको सूचि तयार गर्न लगाउने ।
- विशेषत : परिवार, रोजगारदाता र विद्यालयबाट आउन सक्ने अवरोधहरू कस्ता कस्ता हुन्छन् ? भन्ने प्रश्नका आधारमा तल दिइएको तालिकामा बनाउन लगाउने ।

| परिवारबाट हुनसक्ने अवरोधहरू | रोजगारदाताबाट हुनसक्ने अवरोधहरू | विद्यालयबाट हुनसक्ने अवरोधहरू *(यो विद्यालयमा आधारित सहयोग शिक्षा कक्षाका लागि मात्र लागू हुनेछ)* |
|---|---|---|
| | | |
| | | |

- त्यस्ता अवरोधहरू कम गर्न के गर्न सकिन्छ ? भन्ने प्रश्न गर्ने । सहभागीले भनेका कुराहरू टिप्दै जाने ।
- आफुले रोजेको विकल्प अनुसारको काम गर्न इच्छुक भएको कुरा सहभागी आफैंले विद्यालय र रोजगारदातासँग कुरा गर्नुपर्छ भन्ने सहजकर्ताले बताउने ।
- घर जान चाहने बालबालिकाकाहरूको लागि सिविसको हेल्प लाइनले सहयोग गर्ने कुरा पनि जानकारी गराउने । यसरी हेल्प लाइनले सहयोग गर्दा राज्यको निकायहरूसँग समन्वय गरेर गर्ने हुँदा कुनै पनि कानुनी समस्या नआउने कुरा बताउने ।

**सहजकर्ताले दिने सन्देश :**

- घरेलुश्रमिकको रूपमा बसिरहँदा अवसरहरू भन्दा अवरोध बढि छ र परिवार अथवा गाउँमा अवसरहरू धेरै छन् ।

सहजकर्ताले भर्नुपर्ने

- यस सत्र सञ्चालनका क्रममा भएका सहजता एवम् राम्रा कुराहरू

- सत्र सञ्चालनका क्रममा भएका असजिला प्रक्रियाहरू

- तपाईले अपनाउनु भएको  नयाँ प्रक्रिया तथा विधि

## सत्र १० : : परिवार र समाजको महत्व

**उद्देश्यः** सहभागी बालबालिकाहरूले परिवार समुदायमा बस्दा बढि सहयोग, संरक्षण र अवसरहरू प्राप्त गर्न सकिन्छ भन्ने महशुस गर्न सक्नेछन् ।

**अपेक्षित उपलब्धी :**

बालबालिकाले आफ्नो परिवार तथा समाजमा बस्दा हुने फाइदा तथा समस्याहरूको सूचि तयार पार्नेछन् ।

**विधि :** समूह छलफल, प्रवचन

सामग्री :

- न्यूजप्रिन्ट
- साइनपेन

**क्रियाकलाप :**

- सहभागीको संख्या अनुसार सहभागीहरूलाई २ वा ३ समूहमा विभाजन गर्ने र गोलाकार भएर बस्न लगाउने ।
- प्रत्येक समूहलाई एक एक ओटा न्यूजप्रिन्ट र साइन पेन बाँड्ने ।
- प्रत्येक समूहलाई अघिल्लो सत्रमा छलफल गर्दा पहिचान गरिएको परिवारबाट आउने अवरोध, रोजगारदाताबाट आउने अवरोध र विद्यालयबाट आउने अवरोध कम गर्न परिवार र समाजले कस्तो कस्तो सहयोग गर्न सक्छ भन्ने कुराको सूची बनाउन लगाउने ।
- सोही समूहलाई अर्को एकएक ओटा बाँड्ने र न्यूजप्रिन्टलाई बिचमा फोल्ड गर्ने र फोल्ड गरेको ठाउँमा साइनपेनले कोर्न लगाउने । एक पट्टि परिवार लेख्न र अर्को पट्टि समाज लेख्न लगाउने ।
- परिवार र सोही परिवार रहेको समाजमा बस्दा हुने फाइदाहरू के के हुन्छन् ? भन्ने प्रश्न गर्ने र त्यसको सूचि तयार गर्न लगाउने ।
- सहभागीले सूचि तयार गरिसकेपछि सोही समूहलाई आफ्नो परिवार र समाजमा नबस्दा हुने बेफाइदा बारे अर्को सूचि तयार पार्न लगाउने ।
- सबै समूहले आफ्नो आफ्नो सूचि तयार पारिसकेपछि सहजकर्ताले सहभागीले तयार पारेको सूचिलाई आधार बनाएर परिवारमा बस्दा र नबस्दाको भिन्नता र जोखिमताहरूको बारेमा स्पष्ट पार्दै बालबालिकाको लागि परिवार नै उत्तम स्थान भएको कुरा जानकारी गराउने ।

**सहजकर्ताले दिने सन्देश :**

- परिवार तथा समाज जीवनका लागि अपरिहार्य कुरा हुन् । आफ्नै परिवार र समुदायमा रहँदा सुरक्षा, सहयोग र अवसरहरू बढि उपभोग गर्न सकिन्छ । त्यसैले हामी पनि परिवार र आफ्नै परिवार रहेको समुदायमा गएर आफ्नो जीवनलाई प्रभावकारी बनाउन सक्नेछौं ।

सहजकर्ताले भर्नुपर्ने

- यस सत्र सञ्चालनका क्रममा भएका सहजता एवम् राम्रा कुराहरू

- सत्र सञ्चालनका क्रममा भएका असजिला प्रक्रियाहरू

- तपाईले अपनाउनु भएको  नयाँ प्रक्रिया तथा विधि

## सत्र ११ : विकल्पहरू

**उद्देश्य :**

सहभागी बालबालिकाहरूले आफ्नै परिवारमा फर्किन सक्ने अवस्था नभएमा वैकल्पिक व्यवस्थाहरूको सुझाव गर्नेछन् ।

**अपेक्षित उपलब्धी :**

- सहभागी बालबालिकाहरूले आफू परिवारमा फर्किन सक्ने नसक्ने निर्क्यौल गर्नेछन् ।
- परिवारको विकल्पमा अन्य वैकल्पिक हेरचाहको व्यवस्थाको सूचि तयार पार्नेछन् ।

**विधि :**

- प्रश्नोत्तर
- मस्तिष्क मन्थन
- फारम

**सामग्री :**

- विकल्प छनौट फारम
- न्यूजप्रिन्ट
- मार्कर

**क्रियाकलाप**

- सहभागी बालबालिकालाई हाम्रो लक्ष्य हासिल गर्नको लागि हामीले के गर्नु पर्ला ? वा हाम्रो लागि के हुनु पर्छ भन्ने प्रश्न गर्ने ।
- कहाँ वा को सँग बस्यो भने हामीले अवसरहरूको उपभोग गर्न पाउँछौं ? भन्ने प्रश्न गर्ने ।
- प्रत्येक सहभागीहरूलाई तलको फारम भर्न लगाउने *(तलको फारममा दिइएको कुरा सहजकर्ताको लागि नमूना मात्र हो)*

| समस्या | समस्या हुनुको कारण | त्यो समस्या भएपछि परिणाम के भयो ? | त्यस्ता समस्या आउन नदिन के गर्नुपर्छ ? | त्यसो गर्दा परिणाम के हुन्छ ? | उत्तम विकल्प |
|---|---|---|---|---|---|
| बाबु आमाबाट टाढा हुनु पर्‍यो | घर छोड्नु<br><br>बाआमाले शहर पठाउनु | श्रम गर्नुपर्‍यो<br><br>स्कुल जान पाइएन<br><br>गाली खानुपर्छ | घर फर्किनुपर्छ | बाआमाको माया पाइन्छ, स्कुल पढ्न पाइन्छ, सामाजिक क्रियाकलापमा सहभागी हुन पाइन्छ,<br>साथीहरूसँग खेल्न रमाइलो गर्न पाइन्छ, दाजुदिदीको माया पाइन्छ, पढ्नको लागि प्रशस्त समय हुन्छ, जीविकोपार्जनको लागि श्रम गर्नु पर्दैन । | ? ? ? |
| | | | रोजगारदातालाई विद्यालय पठाइदेउ भन्नु पर्छ | स्कुल पढ्न पाइन्छ तर पढ्नको लागि पर्याप्त समय पाइदैन, श्रम गर्नुपर्छ नत्र स्कुल जान पाइदैन, दुर्व्यवहार हुने खतरा बाँकी नै रहन्छ | |
| | | | कानुनी लडाईं लड्नुपर्छ | रोजगारदातासँग सम्बन्ध बिग्रन्छ, क्षतीपूर्ती पाइन सक्छ, घर फर्किन पाइन्छ । | |
| ??? | ??? | ??? | ??? | ??? | ??? |

- माथिको तालिका अनुसार सबै भन्दा राम्रो परिणाम ल्याउने विकल्प के रहेछ ? भन्ने प्रश्न गर्ने ।
- त्यो परिणाम निकाल्न हामीले के गर्नु पर्ने रहेछ भन्ने प्रश्न गर्ने ।
- त्यो काम गर्न हामीलाई सहयोग गर्ने व्यक्ति वा निकायहरू कुन कुन हुन ? तिनीहरू कहाँ कहाँ छन् ? तिनीहरूसँग कसरी सहयोग लिन सकिन्छ ? आदि प्रश्नहरू गर्ने र सहभागीले भनेका कुराहरूलाई टिपोट गर्न लगाउने ।

**सहजकर्ताले दिने सन्देश :**

प्रत्येक मानिसले समस्याको सामना गर्नुपर्दछ । तर, प्रत्येक व्यक्तिका समस्या एउटै प्रकारका हुन्छन् भन्ने चाहिँ होइन । तर, सत्य के हो भने, प्रत्येक समस्याका समाधान पनि छन् । कुनै पनि समस्या कुनै एउटा विकल्पले समाधान गर्न सकिन्छ भन्ने होइन । हाम्रा सामु आफ्नो समस्या समाधान गर्नका लागि धेरै विकल्पहरू आउँछन् । ती विकल्पहरूमध्येबाट हामीले उत्तम विकल्पको छनौट गर्नुपर्दछ । परियोजनाले बैकल्पिक हेरचाहको सवालमा श्रमिक बालबालिकालाई कसरी सहयोग गर्न सक्छ भन्ने जानकारी ।

सहजकर्ताले भर्नुपर्ने

- यस सत्र सञ्चालनका क्रममा भएका सहजता एवम् राम्रा कुराहरू

- सत्र सञ्चालनका क्रममा भएका असजिला प्रक्रियाहरू

- तपाईले अपनाउनु भएको  नयाँ प्रक्रिया तथा विधि

## सत्र : १२ : योजना निर्माण

**उद्देश्य :**

सहभागी बालबालिकाहरूले पारिवारिक पुनर्एकीकरण तथा वैकल्पिक व्यवस्थाको कार्ययोजना तयार पार्नेछन् ।

**अपेक्षित उपलब्धी :**

सहभागी बालबालिकाहरूको पारिवारीक पुनर्एकीकरण तथा वैकल्पिक व्यवस्थाको कार्ययोजना उपलब्ध हुनेछ ।

विधि :

- प्रश्न
- टिपोट
- मस्तिष्क मन्थन
- फारम

सामग्री :

- अघिल्लो सत्रमा छलफल गरिए अनुसारको विकल्प सम्झाउनका लागि प्रश्न
- योजना निर्माण फारम

**क्रियाकलाप :**

- सहभागीलाई हामीले अघिल्लो छलफलमा पत्ता लगाएको उत्तम विकल्प के हो ? भन्ने प्रश्न गर्ने ।
- सहभागीलाई आफूले छानेको उत्तम विकल्प आफ्नो कापीमा ठूलो अक्षरले लेख्न लगाउने ।
- त्यो विकल्प अपनाउनको लागि हामीलाई सहयोग गर्ने सरोकारवाला व्यक्ति, निकायहरू के के हुन सक्छन् ? भन्ने प्रश्न गरी त्यसको टिपोट गर्न लगाउने ।
- त्यो विकल्प अपनाउनको लागि हामीले के के काम गर्नुपर्छ ? क्रमैसँग लेख्न लगाउने ।

**सहभागीले छानेको उत्तम विकल्प अनुसार काम गर्न अपनाइने प्रक्रियाको नमूना**

यदि सहभागीले घर फर्किन उत्तम विकल्प छानेको भए प्रक्रियाहरू निम्न अनुसार हुन सक्छन् :

- घरमा बाबु आमा वा परिवारका अन्य सदस्यसँग सम्पर्क गर्ने र आफू घर फर्कन चाहेको कुरा स्पष्ट भन्ने ।
- परिवारसँग त्यो विषयमा कुरा गरिसकेपछि रोजगारदातासँग घर फर्किन चाहेको कुरा गर्ने । आफूलाई सो कुरा गर्न असहज महसुस भएमा परिवारका कुनै सदस्यलाई रोजगारदातासँग गर्न भन्ने ।

- रोजगारदाताले घर फर्किन अवरोध सृजना गर्ने स्थिती भएमा बालहेल्प लाइनमा सम्पर्क गर्ने ।
- घरमा फर्किए पछि अध्ययन गर्न पाउने कुराको सुनिश्चित गर्न विद्यालय वा स्थानीय सघसंस्थासँग सम्पर्क गर्ने ।
- घर फर्कनको लागि मितिको छनौट गर्ने । सो समयमा आफू एक्लै घर फर्कन नसक्ने अवस्था भएमा अभिभावकलाई बोलाउने ।

- सबै सहभागीले माथि उल्लेख भए अनुसारको सूचि तयार गरिसकेपछि तल दिइएको फारम भर्न लगाई कार्यान्वयनको लागि योजनालाई अन्तिम रूप दिन लगाउने ।

सहभागीको नाम : ...............................................................................

ठेगाना : जिल्ला :.................... गा.वि.स.................. वडा नं.............. गाउँको नाम :...............

बाबु वा आमाको नाम ...............................................................................

सम्पर्क गर्ने फोन नं. वा अन्य कुनै माध्यम...............................................................

रोजगारदाताको नाम ...........................................................फोन नं...................

अघिल्लो सत्रमा छनौट भएको उत्तम विकल्प : ...............................................................

| के गर्ने ? | कहिले गर्ने ? | आवश्यक सहयोगको प्रकृति | सहयोग लिन सक्ने व्यक्ति वा निकायहरू | अन्य भए उल्लेख गर्ने |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

**सहजकर्ताले दिने सन्देश :**

परियोजनाले सहभागीहरूको कार्ययोजना कार्यान्वयनमा कसरी सहयोग पुर्‍याउन सक्छ ।

सहजकर्ताले भर्नुपर्ने

- यस सत्र सञ्चालनका क्रममा भएका सहजता एवम् राम्रा कुराहरू

- सत्र सञ्चालनका क्रममा भएका असजिला प्रक्रियाहरू

- तपाईले अपनाउनु भएको  नयाँ प्रक्रिया तथा विधि

# खण्ड ३ : शैक्षिक क्रियाकलाप योजना

(शैक्षिक क्रियाकलापको लागि बालचौतारी कक्षामा प्रयोग हुने साक्षरता पुस्तक अनुसार सहजकर्ताले सत्रहरूको योजना निर्माण गरी सोही अनुसार बालचौतारी कक्षामा साक्षरता कक्षा सञ्चालन गर्नुपर्नेछ ।)

# सहजीकरणका लागि केही टिप्सहरू

| सहजीकरण गर्ने सहजकर्ताहरूको लागी केही टिप्सहरू |
| --- |
| • बालबालिकाहरूलाई उनिहरूका भावनाहरू निर्धक्क भएर अभिव्यक्त गर्ने वातावरण बनाइदिनु पर्छ ।<br>• बालबालिकाहरूसँग कुराकानी गर्दा उनीहरूको समानान्तर बस्नुपर्छ ।<br>• विश्वस्त भएर बोल्नु र ध्यानपूर्वक सुन्नुपर्छ ।<br>• धैर्यशील बन्नुपर्छ ।<br>• बालबालिकालाई कहिल्यै पनि कुट्नु, गाली वा दुर्व्यवहार गर्नु हुदैन ।<br>• बालक वा बालिकासँग मात्र नभई दुवैसँग कुराकानी गर्नुपर्दछ ।<br>• बालबालिकाहरूप्रति निर्णायक बन्नु हुदैन वा उनीहरूको विचारलाई बेवास्ता गर्नु हुदैन ।<br>• बालबालिकाहरूसँग सकारात्मक शब्दहरूको प्रयोग गर्नुपर्छ तथा उनीहरूलाई स्याबासी र प्रोत्साहन दिनुपर्छ ।<br>• उमेर लिंग, जाति, अपांगता वा अन्य तत्वहरूमा आधारित बालबालिकाहरूका फरक आवश्यकताहरू अनुरूप व्यवहार गर्न लचिलो हुनुपर्छ । उपयुक्तता अनुसार ठट्टा र रमाइलो गर्नुपर्छ ।<br>• गीत, नाच, चित्रकला, दोहोरी, देउडा, नाटक, कथाकथन, कविता र खेल जस्ता विधि एवम् रोचक विधिहरूका माध्यमबाट बालबालिकाहरूलाई सहभागी गराउन सिर्जनात्मक बन्नुपर्छ ।<br>• परिवर्तनका लागि पृष्ठपोषण र सुझावहरू लिन खुला हुनुपर्छ ।<br>• बालबालिकाहरूले राम्रो काम गर्दा प्रशंसा गर्नुपर्छ ।<br>• सम्भव भएसम्म बालबालिकाको स्थानीय भाषामा कुराकानी गर्नुपर्छ ।<br>• वयष्कहरूले निर्णय लिने प्रक्रियामा बालबालिकाहरूको भावनाले कति महत्व राख्छ भन्ने स्पष्ट बताउनुपर्छ । |

❖ ❖ ❖